# कोशी प्रदेशको बजेट कार्यान्वयनको

# वार्षिक प्रगति प्रतिवेदन

(आर्थिक वर्ष २०८१/८२)

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर, नेपाल
२०८२, कार्तिक

# कोशी प्रदेशको बजेट कार्यान्वयनको

# वार्षिक प्रगति प्रतिवेदन

(आर्थिक वर्ष २०८१/८२)

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर, नेपाल
२०८२, कार्तिक

आर्थिक मामिला तथा योजना मन्त्री

कोशी प्रदेश, विराटनगर
नेपाल

## मन्तव्य

कोशी प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ मा आय प्राप्ति र खर्चको समग्र अवस्था, मन्त्रालयगत रूपमा भएका मुख्य–मुख्य प्रगतिलाई समेटेर यो वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ। प्रतिवेदनले प्रदेशले आर्थिक वर्ष २०८१/०८२ मा गरेको प्रदेशको सार्वजनिक खर्चको यथार्थ विवरण प्रष्ट पारेको छ।

नेपालको संविधान र कानूनले दिएको कार्यक्षेत्रमा रहेर, आवधिक योजनाको लक्ष्य हासिल हुने गरी प्रदेश सरकारले सञ्चालन गर्ने आयोजना छनौट गर्नुपर्ने हुँदा प्रदेशस्तरीय आयोजना छनौट र आयोजना बैंक व्यवस्थापन सम्बन्धी कानूनलाई आगामी दिनमा पूर्ण रुपमा कार्यान्वयन गर्न पहिलो प्राथमिकता दिइएको छ। आन्तरिक लेखापरीक्षण, आन्तरिक नियन्त्रण, अनुगमन र प्रगति समीक्षालाई नियमित तथा प्रभावकारी बनाई सम्बन्धित निकायलाई उत्तरदायी र जवाफदेही बनाउन गरी प्रदेश सरकारले काम गरेको छ। यसका माध्यमबाट आगामी दिनमा बजेट तर्जुमा प्रक्रिया सुदृढीकरण हुने, वित्तीय सुशासन अभिवृद्धि हुने र बेरुजु रहित आर्थिक कारोबार हुने अपेक्षा गरेको छु।

प्रस्तुत वार्षिक प्रगति प्रतिवेदनमा समेटिएको प्रदेश सरकारको आम्दानी, खर्चको अवस्था, विभिन्न मन्त्रालय वा निकायहरूबाट सञ्चालन भएका आयोजना वा कार्यक्रमहरूको प्रगति विवरण सम्बद्ध सबैलाई उपयोगी हुने विश्वास लिएको छु। यसले तत् तत् निकायले गरेको खर्चको विवरण समेत देखाउने हुँदा पारदर्शिता प्रवर्द्धन र सुशासन कायम गर्न समेत महत्वपूर्ण हुनेछ भन्ने मैले ठानेको छु।

अन्त्यमा प्रस्तुत प्रतिवेदनका लागि आवश्यक तथ्याङ्क र सूचना उपलब्ध गराउने सबै निकाय र प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न मन्त्रालयका सबै राष्ट्रसेवक कर्मचारीहरूप्रति धन्यवाद व्यक्त गर्दछु ।

**राम बहादुर मगर**
**मन्त्री, आर्थिक मामिला तथा योजना**

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर

## मन्तव्य

कोशी प्रदेशको आर्थिक वर्ष २०८१/८२ को समग्र आय-व्यय र प्रदेश सरकारबाट सञ्चालित वार्षिक कार्यक्रमहरुको प्रगतिको समीक्षा गरी तयार पारिएको यो प्रतिवेदन प्रस्तुत गर्न पाउदा अत्यन्तै खुशी लागेको छ। विभिन्न आन्तरिक तथा वाह्य कारणले प्रतिवेदन तयार गर्न केही ढीला भएपनि समीक्षा अवधिको समष्टिगत आर्थिक परिसूचक, राजश्व परिचालन, खर्च व्यवस्थापन, आर्थिक तथा सामाजिक प्रमुख सूचक र वित्तीय संघीयता कार्यान्वयनमा देखिएका प्रमुख प्रवृत्तिहरुको विश्लेषण यस प्रतिवेदनमा गरिएकोले सम्बन्धित सबैका लागि यो प्रतिवेदन उपयोगी हुनेछ भन्ने विश्वास लिएको छु।

आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशको कुल पूँजीगत बजेटको ७९.७० प्रतिशत खर्च भएको छ। यो प्रतिवेदन विषयगत मन्त्रालय र निकायहरुको मन्त्रालय स्तरीय समीक्षा र प्रगति प्रतिवेदनका आधारमा तयार गरिएको छ। प्रगति समीक्षाबाट आगामी आर्थिक वर्षमा विकासका लक्ष्यहरु हासिल गर्न नीतिगत र कार्यगत सुधारमा पृष्ठपोषण हुने अपेक्षा गरेको छु।

सीमित स्रोत साधनबाट अधिकतम उपलब्धि हासिल गर्न बजेट तथा कार्यक्रम तर्जुमा गर्दा राम्रो तयारी नभएमा अपेक्षित उपलब्धि हासिल गर्न कठिन हुने हुँदा आगामी दिनमा बजेट तर्जुमा प्रक्रियालाई थप व्यवस्थित बनाईनेछ। सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्दै चालु र प्रशासनिक खर्चमा न्यूनीकरण गर्न, बेरुजु न्यूनीकरण र फस्यौंट कार्यमा मन्त्रालयको तर्फबाट प्रयास भईरहेको छ।

अन्त्यमा, यो प्रतिवेदन तयार पार्न आवश्यक सूचना, विवरण, तथ्याङ्क उपलब्ध गराउने विषयगत मन्त्रालयहरु, निकायहरु र प्रतिवेदन तयारीमा संलग्न मन्त्रालयको सम्पूर्ण कर्मचारी साथीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

**कोशहरि निरौला**
**प्रदेश सचिव**

# विषय सूची


परिच्छेद एक प्रदेशको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति.........१

१.१ प्रदेशको आर्थिक तथा सामाजिक स्थिति.........१

परिच्छेद दुई राजस्व परिचालन तथा अनुदान प्राप्ति.........२

२.१ राजस्व संकलन तथा अनुदान.........२

परिच्छेद तीन बजेट विनियोजन र खर्च स्थिति.........५

३.१ पृष्ठभूमि.........५

३.२ शीर्षकगत खर्चको स्थिति.........६

३.३ खर्चको स्रोतगत विश्लेषण.........९

३.४ मन्त्रालयगत विनियोजन र खर्चको स्थिति.........१०

३.५ विगत छ वटा आर्थिक वर्षको बजेट र खर्चको विवरण.........१०

३.६ स्थानीय तहमा वित्तीय हस्तान्तरण.........११

३.७ सवारी साधन कर बाडँफाँड.........१२

परिच्छेद चार विषयगत मन्त्रालय र निकायहरुको बजेट कार्यान्वयन प्रगतिको अवस्था.........१३

४.१ मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय.........१३

४.२ आर्थिक मामिला तथा योजना मन्त्रालय.........१३

४.३ भौतिक पूर्वाधार विकास मन्त्रालय.........१५

४.४ आन्तरिक मामिला तथा कानून मन्त्रालय.........१६

४.५ स्वास्थ्य मन्त्रालय.........१७

४.६ खानेपानी, सिँचाइ तथा उर्जा मन्त्रालय.........१९

४.७ सामाजिक विकास मन्त्रालय.........२०

४.८ उद्योग, कृषि तथा सहकारी मन्त्रालय.........२३

४.९ पर्यटन, वन तथा वातावरण मन्त्रालय.........२५

परिच्छेद पाँच निष्कर्ष.........२७

अनुसूची – १ कोशी प्रदेशको आ.व. २०८१/८२ को सुरु र कायम बजेटको विवरण.........२८

अनुसूची – २ आर्थिक बर्ष २०८१/०८२ मा स्थानीय तहमा बाँडफाँट भएको सवारी करको स्थानीय तहगत विवरण.........२९

# परिच्छेद एक
# प्रदेशको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

## १.१ प्रदेशको आर्थिक तथा सामाजिक स्थिति

- कोशी प्रदेशको कुल क्षेत्रफलको हिमाली क्षेत्रले ४०.२९%, पहाडी क्षेत्रले ३३.३५%, भित्री मधेशले ७.९६% र तराईले १८.२५% ओगटेको छ । संसारकै अग्लो हिमाल सगरमाथादेखि नेपालको होचो ठाँउ केचना समेत यसै प्रदेशमा रहेका छन् ।
- प्रशासनिक संरचना अन्तरगत कोशी प्रदेशमा १४ वटा जिल्लाहरु र १३७ वटा स्थानीय तहहरु रहेका छन। जसमध्ये १ वटा महानगरपालिका, २ वटा उपमहानगरपालिका, ४६ वटा नगरपालिका र ८८ वटा गाँउपालिका रहेका छन् ।
- राष्ट्रिय जनगणना २०७८ अनुसार कोशी प्रदेशको जनसंख्या ४९ लाख ६१ हजार ४१२ रहेको छ। वार्षिक जनसंख्या बृद्धिदर ०.८६ प्रतिशत रहेको छ। कोशी प्रदेशको लैङ्गिक विकास सुचकाङ्क ०.९०१ रहेको छ भने लैङ्गिक असमानता सूचकाङ्क ०.४५९ रहेको छ। मानव विकास प्रतिवेदन २०२२ को अवस्थालाई हेर्दा यस प्रदेशको मानव विकास सुचकांक स्थिति ०.५८० रहेको छ ।
- आर्थिक सर्भेक्षण अनुसार आ.व.२०८१/८२ को नेपालको कुल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेशको हिस्सा १५.९० प्रतिशत रहेको छ भने प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन १,४०१ अमेरिकी डलर रहेको छ।
- कोशी प्रदेशको कुल भुभागको ३१.९ प्रतिशत क्षेत्र कृषिका लागि उपयुक्त रहेको छ। यस प्रदेशको खेतियोग्य जमिन ८ लाख २६ हजार ६४६ हेक्टर मध्ये ८६.४ प्रतिशतमा मात्र खेती भइरहेको छ भने खेती योग्य तर बाँझो जग्गा करिव १३.६ प्रतिशत रहेको छ।
- कोशी प्रदेशको कुल भुभागको ४४.४४ प्रतिशत वन र ४.५२ प्रतिशत बुट्यान गरी जम्मा ४८.९६ प्रतिशत भूभाग वन क्षेत्रले ओगटेको छ।
- प्रदेशगत रुपमा विद्यालय सबैभन्दा बढी यसै प्रदेशमा रहेका छन्। नेपालमा भएका विद्यालयमध्ये १९.४ प्रतिशत विद्यालय यसै प्रदेशमा रहेका छन्। कोशी प्रदेशका सबै जिल्लाहरु साक्षर घोषणा भएका छन्।
- राष्ट्रिय जनगणना, २०७८ अनुसार कोशी प्रदेशको सरदर औसत आयु ७०.४ वर्ष रहेको छ। यस प्रदेशमा नवजात शिशु मृत्यु दर प्रति हजार जीवित जन्ममा १९ रहेको र मातृ मृत्युदर प्रति लाख जीवित जन्ममा १५७ रहेको छ।

# परिच्छेद दुई
# राजस्व परिचालन तथा अनुदान प्राप्ति

## २.१ राजस्व संकलन तथा अनुदान

आर्थिक बर्ष २०८१/०८२ मा ३५ अर्ब २७ करोड ९३ लाखको बजेटमध्ये बाँडफाँडबाट रू. १२ अर्ब ४० करोड ८ लाख राजस्व प्राप्त हुने अनुमान गरिएको थियो। संघीय सरकारबाट प्राप्त हुने अनुदानमा रू.१४ अर्ब ६४ करोड ८५ लाख प्राप्त हुने बजेट सीमा प्राप्त भएको थियो। यस अवधिमा विभिन्न शीर्षकहरूमा संकलन भएको राजस्व तथा अनुदान प्राप्तिको विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २.१ राजस्व सङ्कलन तथा अनुदान प्राप्तिको अवस्था**

(रकम रु.लाखमा)

| राजस्व शीर्षक | वार्षिक लक्ष्य | प्राप्ति | प्रगति प्रतिशत |
|---|---|---|---|
| बाँडफाँटबाट प्राप्त मू. अ. कर, अन्तशुल्क र रोयल्टी | १२,४०,०८ | १११३५३ | ८९.८० |
| संघीय अनुदान | १४,५४,२६ | १३३०५३ | ९१.४९ |
| आन्तरिक आय | ४,९८,०० | ४८९१४ | ९८.२२ |
| **जम्मा** | **३१,९२,३४** | **२९३३२१** | **९१.८८** |

(स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय)

आर्थिक बर्ष २०८१/०८२ मा कोशी प्रदेश सरकारले प्रक्षेपण गरेको आन्तरिक राजस्व कुल रु. ४ अर्ब ९८ करोड रहेकोमा यस आर्थिक वर्षमा चार अर्ब उनानब्बे करोड चौध लाख रुपैया संकलन भएको छ। जुन कुल लक्ष्यको ९८ प्रतिशत वरावर हुन आउछ। आन्तरिक राजस्वको शीर्षकगत विवरण देहायको तालिकामा राखिएको छ।

**तालिका २.२ प्रदेशको आन्तरिक राजस्वको शीर्षकगत विवरण**

(रकम रु. लाखमा)

| राजस्व शीर्षक | बार्षिक लक्ष्य | प्राप्ति | लक्ष्यको तुलनामा प्राप्ति प्रतिशत |
|---|---|---|---|
| **सम्पति कर** | | | |
| ११३१५ बाँडफाँडबाट प्राप्त हुने घरजग्गा रजिष्टेशन दस्तुर | १४५०० | १३८६० | ९६ |
| **पूर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर** | | | |
| ११४५६ बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | १४१०० | १५३७५ | १०९ |
| **मनोरञ्जन तथा विज्ञापन कर** | | | |
| ११४७१ बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | १० | ५३ | ५३० |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापनकर | ६० | ९४ | १५७ |
| **अन्य कर** | | | |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | १ | ०।३८ | ३८ |
| **भाडा तथा रोयल्टी** | | | |

| राजस्व शीर्षक | बार्षिक लक्ष्य | प्राप्ति | लक्ष्यको तुलनामा प्राप्ति प्रतिशत |
|---|---|---|---|
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ३००० | ३०८४ | १०३ |
| १४१५१ सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय | ४ | ३ | ८२ |
| १४१५९ अन्यस्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी | ९ | ५ | ५८ |
| **बस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम** | | | |
| १४२११ कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम | ६० | ४३ | ७२ |
| १४२१२ सरकारी सम्पत्तिको विक्रीबाट प्राप्त रकम | १० | ९८ | ९७८ |
| १४२१३ अन्य विक्रीबाट प्राप्त रकम | २ | ५ | २२६ |
| १४२१७ नहर तथा कुलो उपयोग वापतको शुल्क | १ | ४ | ४२७ |
| १४२१९ अन्य सेवा शुल्क तथा विक्री | ८०० | ११२९ | १४१ |
| **प्रशासनिक सेवा शुल्क** | | | |
| १४२२१ न्यायिक दस्तूर | ० | ०।०२ | |
| १४२२३ शिक्षाक्षेत्रको आम्दानी | १४ | ५ | ३५ |
| १४२२४ परीक्षा शुल्क | १००० | ९९९ | १०० |
| १४२२५ यातायात क्षेत्रको आम्दानी | १००० | १०५० | १०५ |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ६०० | ८११ | १३५ |
| **अन्य प्रशासनिक दस्तुरहरु** | | | |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ९०० | ८५६ | ९५ |
| १४२५४ रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | १० | २ | १७ |
| १४२५५ टेलिभिजन सञ्चालन दस्तुर | ५ | ३ | ६१ |
| १४२५६ चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue book) सम्बन्धी दस्तुर | ८५०० | ५९६९ | ७० |
| **अन्य प्रशासनिक सेवा शुल्क** | | | |
| १४२६४ वन क्षेत्रको अन्य आय | १०० | ३०४ | ३०४ |
| १४२६५ अन्य क्षेत्रको आय | ० | ०।७५ | |
| **दण्ड जरिवाना र जफत** | | | |
| १४३११ न्यायिक दण्ड,जरिवाना र जफत | १ | ३९ | ३९४६ |
| १४३१२ प्रशासनिक दण्ड,जरिवाना र जफत | ५० | १०४ | २०८ |
| १४३१३ धरौटी सदरस्याहा | १० | १४४ | १४३८ |
| **विविध/अन्य राजस्व** | | | |
| १४५११ बीमा दावी प्राप्ति | ३ | ०।८६ | २९ |

| राजस्व शीर्षक | बार्षिक लक्ष्य | प्राप्ति | लक्ष्यको तुलनामा प्राप्ति प्रतिशत |
|---|---|---|---|
| १४५२९ अन्य राजस्व | ३० | ७६ | २५४ |
| १४५३१ सरकारी घर, जग्गा, गुडवील बिक्रीबाट प्राप्त रकम | | ०।९७ | |
| **विविध प्राप्ति** | | | |
| १५११२ निकासा फिर्ता | १००० | ६३ | ६ |
| १५११३ अनुदान फिर्ता | ३००० | १०४ | ३ |
| १५१११ बेरूजू | ९९० | ४६३२ | ४६८ |
| कुल जम्मा | ४९७७० | ४८९१७ | ९८ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय

माथिको तालिकामा हेर्दा १७ वटा राजस्व शीर्षकहरुमा लक्ष्यको तुलनामा शतप्रतिशत भन्दा बढी प्रगति भएको छ त्यस्तै १३ वटा शीर्षकमा लक्ष्यको तुलनामा कम प्रगति भएको देखिन्छ। आन्तरिक राजस्वको मुख्य श्रोतको रुपमा रहेको घरजग्गा रजिष्ट्रेशन दस्तुर र सवारी साधन करमा लक्ष्यकै हाराहारीमा प्रगति भएको छ।

**तालिका २.३ प्रदेश सरकारलाई प्राप्त संघीय अनुदानको विवरण**

(रकम रु. लाखमा)

| अनुदानको किसिम | अनुमान | यथार्थ प्राप्ति | अनुमानको तुलनामा प्राप्ति |
|---|---|---|---|
| १३३११-समानिकरण अनुदान | ८९४३२ | ८२०६३ | ९२ |
| १३३१२-शसर्त अनुदान चालु | २२३५२ | १९४८५ | ८७ |
| १३३१३-विशेष अनुदान चालु | ८६५ | ७४० | ८६ |
| १३३२१-सशर्त अनुदान पूँजीगत | १९२९१ | १८२८१ | ९५ |
| १३३२२-विशेष अनुदान पूँजीगत | ६९३६ | ५९३४ | ८६ |
| १३३२३-समपूरक अनुदान पूँजीगत | ६५५० | ६५५० | १०० |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय

# परिच्छेद तीन
# बजेट विनियोजन र खर्च स्थिति

## ३.१ पृष्ठभूमि

आ.व. २०८१/८२ को बजेटको विनियोजन तथा खर्चको यथार्थ अवस्थालाई यस परिच्छेदमा प्रस्तुत गरिएको छ।

### ३.१.१ बजेटका उद्देश्यहरूः-

(क) सरकारी, निजी र सहकारी क्षेत्रको लगानी मार्फत प्रदेशको दिगो, फराकिलो र समावेशी आर्थिक वृद्धि हासिल गर्ने।

(ख) प्रदेशमा उपलब्ध स्रोत साधन र अवसरको न्यायोचित वितरण मार्फत समतामुलक समाजको निर्माणमा सहयोग गर्ने।

(ग) भौगोलिक, धार्मिक एवं सांस्कृतिक विविधतालाई सम्बोधन गर्दै प्रादेशिक विकासमा सन्तुलन कायम गर्ने।

(घ) पर्यटन, कृषि, उद्योग र सेवा क्षेत्रमा उत्पादन र उत्पादकत्वमा वृद्धि गरी रोजगारी सिर्जना गर्दै गरीबी न्यूनिकरण गर्ने।

(ङ) संघीयता कार्यान्वयनको लागि संघ तथा स्थानीय तहसँगको समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउने ।

(च) भ्रष्टाचारजन्य क्रियाकलापमा शुन्य सहनशीलताको नीति अंगिकार गरी सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो र सहज बनाइ सुशासन कायम गर्ने ।

### ३.१.२ बजेटका प्राथमिकता

(क) पूर्वाधार विकास

(ख) पर्यटन वन वातावरण संरक्षण

(ग) कृषिको आधुनिकीकरण र व्यवसायीकरण

(घ) स्वास्थ्य सेवा र सामाजिक विकास

(ङ) सहकारी र गरिबी निवारण

(च) औद्योगीक विकास र निजी क्षेत्रको प्रवर्द्धन

(छ) सार्वजनिक वित्तीय व्यवस्थापन

(ज) सार्वजनिक सेवा प्रवाह र सुशासन

### ३.१.३ कुल वार्षिक विनियोजन र खर्चको स्थिति

आ.व. २०८१/८२ मा कोशी प्रदेशको बजेट विनियोजन र खर्चको विवरण तलको तालिकामा दिइएको छ।

**तालिका ३.१ कोशी प्रदेशको आर्थिक बर्ष २०८१/०८२ को विनियोजन र खर्च**

**(रु.लाखमा)**

| सि.नं. | विनियोजन | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | १७८३४० | १४३५९५ | ८०.५२ |
| २ | पूँजीगत | १७४२५३ | १३८२३४ | ७९.३३ |
| ३ | वित्तीय व्यवस्था | २०० | ० | ० |
| **जम्मा** | | **३५२७९३** | **२८१८२९** | **७९.८९** |

स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय

## ३.२ शीर्षकगत खर्चको स्थिति

प्रदेश सरकारको आय व्ययको विवरणमा प्राप्त तथ्याङ्क अनुसार चालु र पूँजीगत तर्फ खर्च शीर्षकगत रुपमा भएको खर्चको तुलनात्मक विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

**तालिका ३.२ चालु खर्चको शीर्षकगत विवरण**

**(रु.लाखमा)**

| चालु खर्च शीर्षक | अन्तिम बजेट | निकासा/खर्च |
|---|---|---|
| २११११ पारिश्रमिक कर्मचारी | २४४१३ | १६९४३ |
| २१११२ पारिश्रमिक पदाधिकारी | १६२६ | १३५० |
| २११२१ पोशाक | ३८७ | २८० |
| २११२२ खाद्यान्न | १११५ | ८६४ |
| २११३१ स्थानीय भत्ता | ३०५ | १८२ |
| २११३२ महंगी भत्ता | ८८० | ५८६ |
| २११३४ कर्मचारीको बैठक भत्ता | ३११ | २११ |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ७८८ | २८५ |
| २११३९ अन्य भत्ता | ९९२ | ७८८ |
| २११४१ पदाधिकारी बैठक भत्ता | १३१ | ६० |
| २११४२ पदाधिकारी अन्य सुबिधा | ३२७ | २६७ |
| २११४९ पदाधिकारी अन्य भत्ता | ३६ | १७ |
| २१२१२ योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १०७ | २३ |
| २१२१३ योगदानमा आधारित बीमा कोष खर्च | १७८ | ९५ |
| २१२१४ कर्मचारी कल्याण कोष | १ | ० |
| २१२२३ पदाधिकारीको योगदानमा आधारित बीमा कोष खर्च | २ | ० |
| २२१११ पानी तथा बिजुली | १२६३ | ११०३ |
| २२११२ संचार महसुल | ५०१ | ३४२ |
| २२२११ इन्धन (पदाधिकारी) | २२१ | १९१ |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | १६४१ | १५०६ |

| चालु खर्च शीर्षक | अन्तिम बजेट | निकासा/खर्च |
|---|---|---|
| २२२१३ सवारी साधन मर्मत खर्च | १५८४ | १४७१ |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ३१७ | २१७ |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५१३ | ४४६ |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ६७१ | ६२२ |
| २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | १६६ | १२७ |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | १४७३ | १४१५ |
| २२३१२ पशुपंक्षीहरूको आहार | १० | १० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | १४१ | ११६ |
| २२३१४ इन्धन - अन्य प्रयोजन | २१९ | १६७ |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ९२७ | ८०६ |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | १०१ | ९७ |
| २२४११ सेवा र परामर्श खर्च | ९०४ | ४६५ |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ९६ | ४२ |
| २२४१३ करार सेवा शुल्क | ४५२६ | ३९६४ |
| २२४१९ अन्य सेवा शुल्क | ३४९१ | २६३२ |
| २२५११ कर्मचारी तालिम खर्च | ९२३ | ६०१ |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | २०५७ | १५४० |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | १२५ | ११५ |
| २२५२२ कार्यक्रम खर्च | २५११६ | १६३५६ |
| २२५२३ विशेष कार्यक्रम खर्च | ६७८ | ६६९ |
| २२५२९ विविध कार्यक्रम खर्च | ९ | ९ |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | १२९० | १०८७ |
| २२६१२ भ्रमण खर्च | ४६५ | ३३१ |
| २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ११० | ७७ |
| २२७११ विविध खर्च | २३०९ | १७६२ |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | ७ | ७ |
| २५३१५ अन्य सहायता | २० | ० |
| २६३३१ समानिकरण अनुदान | १०००० | १०००० |
| २६३३२ शसर्त अनुदान | ५६१९ | ४९३६ |
| २६३३४ समपुरक अनुदान | १४८९९ | ११६३६ |
| २६३३६ सशर्त अनुदान (पूँजीगत) | १८०४८ | १५६७६ |
| २६३३९ अन्य अनुदान | ० | ० |
| २६४१२ सरकारी निकाय, समिति एवं बोर्डहरूलाई सःसर्त चालु अनुदान | २२२२ | २०३१ |
| २६४१३ अन्य संस्थालाई अनुदान' सःशर्त | २१९७ | ९३६ |
| २६४२२ सरकारी निकाय, समिति, बोर्ड — पूँजीगत सःशर्त अनुदान | १६०६ | १३५३ |
| २६४२३ अन्य संस्थालाई सःशर्त पूँजीगत अनुदान | ६७३ | ४३ |
| २७१११ सामाजिक सुरक्षा | २३३ | ११६ |
| २७११२ अन्य सामाजिक सुरक्षा | १०९५ | ९१० |

| चालु खर्च शीर्षक | अन्तिम बजेट | निकासा/खर्च |
|---|---|---|
| २७२११ छात्रवृत्ति | २९४ | २४७ |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ३२५ | २७१ |
| २७२१३ औषधी खरिद खर्च | १७६३ | १५११ |
| २७३११ निवृत्तिभरण तथा अशक्त वृत्ति | ० | ० |
| २८१४१ जग्गाको भाडा | १० | ८ |
| २८१४२ घर भाडा | ७९२ | ६१३ |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ६४ | ४२ |
| २८१४९ अन्य भाडा | १ | ० |
| २८२११ राजस्व फिर्ता | २० | १२ |
| २८२१२ न्यायिक फिर्ता | ० | ० |
| २८२१९ अन्य फिर्ता | ३५००० | ३३०१५ |
| २८९११ भैपरी आउने चालु खर्च | ९ | ० |
| जम्मा | १७८३४० | १४३५९५ |

स्रोत:प्रदेश लेखा नियन्त्रक कार्यालय

**तालिका ३.३ पूँजीगत खर्चतर्फको शीर्षकगत विवरण**

**(रकम रु.लाखमा)**

| पूँजीगत खर्च शीर्षक | अन्तिम बजेट | खर्च/निकासा |
|---|---|---|
| ३१११११ आवासीय भवन निर्माण/खरिद | ३० | ० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | १६७६१ | ९८६१ |
| ३११२१ सवारी साधन | १९३४ | १८२० |
| ३११२२ मेशिनरी तथा औजार | ७३०४ | ३६५३ |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ५६१ | ४९३ |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | २२४ | २९ |
| ३११३५ पूँजीगत परामर्श खर्च | १३०८ | ११५६ |
| ३११५१ सडक तथा पूल निर्माण | ७८०८७ | ६२६४३ |
| ३११५३ विद्युत संरचना निर्माण | १२६८ | ९२८ |
| ३११५४ तटबन्ध तथा बाँध निर्माण | ४८०५ | ४५९३ |
| ३११५५ सिंचाई संरचना निर्माण | १५४११ | १४५६८ |
| ३११५६ खानेपानी संरचना निर्माण | १५७२८ | १५१२८ |
| ३११५७ वन तथा वातावरण संरक्षण | ४४८७ | ४०१९ |
| ३११५८ सरसफाई संरचना निर्माण | ६१ | ५८ |
| ३११५९ अन्य सार्वजनिक निर्माण | २०७३५ | १४५०५ |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १७९९ | १४२१ |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ३६१५ | ३३२७ |
| ३१४११ जग्गा प्राप्ति | १३६ | ३३ |
| जम्मा | १७४२५३ | १३८२३४ |

स्रोत:प्रदेश लेखा नियन्त्रक कार्यालय

स्थानीय तहलाई हस्तान्तरण हुने अनुदान चालु खर्च शीर्षकबाटै हस्तान्तरण हुने भएकोले माथिको तालिकामा राखिएको हो। स्थानीय तहलाई हस्तान्तरण हुने अनुदानको छुटै विवरण तालिका ३.६ मा राखिएको छ।

## ३.३ खर्चको स्रोतगत विश्लेषण

आर्थिक वर्ष २०८१/८२ मा कुल खर्चको ३९.७६ प्रतिशत रकम संघीय सरकारबाट हस्तान्तरण भई आएको अनुदान स्रोतबाट खर्च व्यहोरिएको छ, भने राजस्व अर्थात् प्रदेश सरकारको स्रोतबाट ५९.८६ प्रतिशत खर्च व्यहोरिएको छ ।त्यस्तै नगद अनुदान र सोझौ भुक्तानी हुने अनुदान श्रोतबाट १ प्रतिशत भन्दा कम खर्च व्यहोरिएको छ।

**तालिका ३.४ आर्थिक वर्ष २०८१/८२ को स्रोतगत खर्चको विवरण** (रकम रू.लाखमा)

| श्रोतको विवरण | सुरु विनियोजन | अन्तिम बजेट | निकासा /खर्च |
|---|---:|---:|---:|
| नगद (आन्तरिक स्रोत) | २०६३०८ | २०६३०८ | १६८७१७ |
| वित्तीय समानिकरण अनुदान | ८९४३२ | ८९४३२ | ७४७५९ |
| सशर्त अनुदान | ४१६४३ | ४१६३३ | २६४७३ |
| समपूरक अनुदान | ६५५० | ६५५० | ५८३२ |
| विशेष अनुदान | ७८०१ | ७८०१ | ५०१० |
| नगद अनुदान | ० | १० | ७ |
| सोझै भुक्तानी अनुदान | १०५९ | १०५९ | १०३१ |
| शोधभर्ना हुने अनुदान | ० | ० | ० |
| **जम्मा** | **३५२७९३** | **३५२७९३** | **२८१८२९** |

(स्रोत- प्रदेश लेखा नियन्त्रक कार्यालय)

**तालिका ३.५ सशर्त, समपूरक र विशेष अनुदानको स्रोतको खर्च स्थिति**

(रकम रु.लाखमा)

| अनुदानको किसिम | शुरु बजेट | अन्तिम बजेट | निकासा /खर्च |
|---|---:|---:|---:|
| वित्तीय समानिकरण अनुदान | ८९४३२ | ८९४३२ | ७४७५९ |
| सशर्त अनुदान | ४१६४३ | ४१६३३ | २६४७२ |
| समपूरक अनुदान | ६५५० | ६५५० | ५८३१ |
| विशेष अनुदान | ७८०१ | ७८०१ | ५०१० |
| **जम्मा** | **१४५४२६** | **१४५४१६** | **११२०७२** |

## ३.४ मन्त्रालयगत विनियोजन र खर्चको स्थिति

आर्थिक वर्ष २०८१/८२ को लागि प्रदेशका मन्त्रालय/निकायगत रुपमा बजेट विनियोजन तथा खर्चको विवरण देहायअनुसार रहेको छ।

**तालिका ३.६ मन्त्रालय/निकायको कुल विनियोजन बजेट र खर्चको विवरण**

| सि.नं. | मन्त्रालय | शुरु बजेट | अन्तिम बजेट | खर्च | खर्च % |
|---|---|---|---|---|---|
| १ | प्रदेश व्यवस्थापिका | २,४८८ | २,४५८ | १९९३ | **८१** |
| २ | प्रदेश लोक सेवा आयोग | ९८४ | १,२१९ | ११६३ | **९५** |
| ३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | २२३ | २१३ | १८७ | **८८** |
| ४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३,८४५ | ३,८२३ | २२१३ | **५८** |
| ५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ३५,५२० | ३९,२२३ | ३५१९५ | **८७** |
| ६ | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | २२,४६६ | १६,००१ | ११७१८ | **७३** |
| ७ | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | ४३,६५५ | ४४,२५४ | ४०४९५ | **९२** |
| ८ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १०,३९१ | १२,८८८ | ९४९६ | **७४** |
| ९ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | २४,२३८ | २३,९८२ | १८२९५ | **७६** |
| १० | भौतिक पूर्वाधार विकास मन्त्रालय | १०४,१५२ | १११,८०२ | ८४९६३ | **७६** |
| ११ | सामाजिक विकास मन्त्रालय | १३,२४२ | १२,७०४ | ९५२४ | **७५** |
| १२ | स्वास्थ्य मन्त्रालय | ३३,७७५ | ३४,३२४ | २४०३२ | **७०** |
| १३ | प्रदेश योजना आयोग | ५४३ | ५१८ | ३०८ | **५९** |
| १४ | कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा | ६०० | ० | ० | **०** |
| १५ | अर्थ - विविध | १०,८२० | ८२० | ० | **०** |
| १६ | स्थानीय तह | ४५,८५० | ४८,५६५ | ४२२४७ | **८८** |

(स्रोत- प्रदेश लेखा नियन्त्रक कार्यालय)

## ३.५ विगत छ वटा आर्थिक वर्षको बजेट र खर्चको विवरण

कोशी प्रदेशको विगत छ वटा आर्थिक वर्षको बजेटमा चालु, पूँजीगत र वित्तीय व्यवस्था तर्फ भएको विनियोजन र वास्ताविक खर्चको विवरण तालिका ३.७ मा देखाईएको छ ।

### तालिका ३.७ विगत छ वटा आर्थिक वर्षको बजेट विनियोजन र खर्चको विवरण

(रू.लाखमा)

| शीर्षक/आर्थिक वर्ष | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|---|---|
| कायम बजेट विनियोजन | | | | | | | |
| चालु | १२९३३६ | ११८७३५ | १४५३७६ | ११७७७३ | १२१३८३ | १२१०८९ | १७८३४० |
| पूँजीगत | २१८१९९ | २५७४८१ | २५७६१७ | १८७६१९ | २३६४३२ | २०८७५५ | १७४२५२ |
| वित्तीय व्यवस्था | ० | ८०० | ४०० | ३०० | ० | १०० | २०० |
| **जम्मा** | **३८४९२५** | **४३७१७३** | **४३४०८६** | **३४७६०९** | **३९९२७५** | **३६८१९१** | **३५२७९३** |
| खर्च प्रगति | | | | | | | |
| चालु | ६११११२ | ६१४१९ | ९२१४४ | ९२२१४ | ९०९८३ | ८३७६४ | १४३५९५ |
| पूँजीगत | ११४३८७ | १७८६६६ | १५८६६० | १६८३९२ | १८११२५ | १६३४८३ | १३८२३४ |
| वित्तीय व्यवस्था | ० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | **२१२०२९** | **२९८३३२** | **२७९५१३** | **२९९६६४** | **३०७५७८** | **२८०२७५** | **२८१८२९** |
| विनियोजनको तुलनामा खर्च प्रतिशत (%) | | | | | | | |
| चालु | ४७.३ | ५१.७ | ६३.४ | ७८.३ | ७५.० | ६९.२ | ८०.५२ |
| पूँजीगत | ५२.४ | ६९.४ | ६१.६ | ८९.८ | ७६.६ | ७८.३ | ७९.३३ |
| वित्तीय व्यवस्था | ० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | **५५.१** | **६८.२** | **६४.४** | **८६.२** | **७७.०** | **७६.१** | **७९.८९** |

(स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय)

चालु खर्चमा स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको रु. ४ करोड २६ लाख ३२ हजार रुपैया समेत समावेश भएको छ।

## ३.६ स्थानीय तहमा वित्तीय हस्तान्तरण

आ.व.२०८१/८२ मा कोशी प्रदेश सरकारबाट १३७ वटा स्थानीय तहलाई गरिएको वित्तीय हस्तान्तरणको विवरण निम्नानुसार रहेको छः

### तालिकाः ३.८ आ.व.२०८१/८२ मा स्थानीय तहमा अनुदान हस्तान्तरण विवरण

(रु.लाखमा)

| क्र.सं. | अनुदान | अन्तिम बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | समानीकरण अनुदान | १०००० | १०००० | १०० |
| २ | शःसर्त अनुदान | २३६६६ | २०८४१ | ८८ |
| ३ | समपूरक अनुदान | १४८९८ | ११७९१ | ७९ |
| जम्मा | | ४८५६४ | ४२६३२ | ८८ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय

कोशी प्रदेश सरकारबाट हालसम्म स्थानीय तहलाई गरिएको वित्तीय हस्तान्तरणको विवरण तलको तालिकामा उल्लेख गरिएको छः-

**तालिका ३.९ विगत ७ वर्षमा प्रदेशबाट स्थानीय तहमा वित्तीय हस्तान्तरणको विवरण**

(रू.लाखमा)

| आर्थिक वर्ष | समानीकरण अनुदान | सशर्त अनुदान | समपुरक अनुदान | विशेष अनुदान | जम्मा |
|---|---|---|---|---|---|
| **२०७४/७५ को बाँकी अवधि** | | १९७२ | | | **१९७२** |
| **२०७५/७६** | ५००० | ३१५३१ | | | **३६५३१** |
| **२०७६/७७** | १०००० | २९७१४ | १४११६ | ४४१७ | **५८२४७** |
| **२०७७/७८** | १०००० | ५६२४ | १३०८४ | - | **२८७०८** |
| **२०७८/७९** | १०००० | १६४५० | १२६०८ | - | **३९०५८** |
| **२०७९/८०** | ८७५५ | १५७६३ | १०९५१ | - | **३५४६९** |
| **२०८०/८१** | १०००० | १२६११ | १०४१८ | - | **३३०२८** |
| **२०८१/०८२** | १०००० | २०८४१ | ११७९१ | - | **४२६३२** |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय

## ३.७ सवारी साधन कर बाडँफाँड

आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशमा सवारी साधनको कर बापतको रकम स्थानीय संचित कोषमा दाखिला गरिएको छ। त्यसको विवरण निम्न बमोजिम रहेको छ।स्थानीय तहमा बाँडफाँट भएको सवारी साधन करको स्थानीय तहगत विवरण अनुसूची-२ मा राखिएको छ।

| प्रदेश | | यथार्थ असुली (रू. लाखमा) | तहगत राजस्व बाँडफाँट पश्चात प्राप्त यथार्थ राजस्व (रू. लाखमा) | |
|---|---|---|---|---|
| | | | **प्रदेश सरकार** | **स्थानीय तह** |
| १ | कोशी प्रदेश | २५६९४ | १४६५१ | ९७६७ |
| जम्मा | | २५६९४ | १४६५१ | ९७६७ |
| नोटः २०८२ असार महिनाको १ देखि १५ गते सम्मको राजस्व बाँडफाँट गरिएको, असार १६ देखी असार मसान्त सम्मको रु. १२,७५,२८,८३७।०० बाँडफाँट गर्न बाँकी रहेको । | | | | |

# परिच्छेद चार

## विषयगत मन्त्रालय र निकायहरुको बजेट कार्यान्वयन प्रगतिको अवस्था

आर्थिक वर्ष २०८१/८२ मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार विभिन्न विषयगत मन्त्रालय/निकायहरूको बजेट कार्यान्वयनको प्रगतिको अवस्था निम्न बमोजिम रहेको छ।

### ४.१ मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय

आ.व.२०८१/८२ मा सम्पादन गरिएका मुख्य मुख्य कार्यहरुः

- वित्तीय प्रगतिको अवस्था कुल बजेट कार्यान्वयन ७४.७७% (पूँजीगत ७७.४३% र चालु ७४.२५%) सम्पन्न।
- संघीयता कार्यान्वयन र कानून निर्माण सम्बन्धमा संघीयता कार्यान्वयन तथा प्रदेश कानून निर्माण सम्बन्धी अध्ययन कार्यदल" गठन गरी विभिन्न ऐनहरू संशोधन वा सिफारिस।
- संगठन र संरचनाको पुनःसंरचनाका लागि प्रदेश मन्त्रालय तथा निकायहरूको संगठन तथा व्यवस्थापन (O and M) सर्वेक्षण गरी ४ मन्त्रालयको स्थायी संरचना दर्ता कार्य सम्पन्न भएको।
- जनशक्ति व्यवस्थापन तर्फ प्रदेश र स्थानीय तहका ७०३ जना कर्मचारीको सरुवा तथा पदस्थापनकको कार्य सम्पन्न भएको। सुशासन र पारदर्शिता का लागि भ्रष्टाचारविरुद्ध कार्ययोजना स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको, ४० निकायको अस्थायी दरबन्दी स्वीकृत, हेलो सिएम मार्फत उजुरी तथा गुनासो गर्ने कार्य भएको जसमा उजुरी फछ्र्यौटमा सुधार (९८ मध्ये ७६ फछ्र्यौट) भएको र प्रदेशका ८६ निकाय अनुगमन कार्य सम्पन्न भएको।
- लगानी सम्मेलन सम्पन्न भएको प्रदेशस्तरीय प्रथम लगानी सम्मेलन बैशाख १८–१९ मा सम्पन्न गरिएको।

### ४.२ आर्थिक मामिला तथा योजना मन्त्रालय

आ.व.२०८१/८२ मा सम्पादन गरिएका मुख्य मुख्य कार्यहरुः

- कोशी प्रदेश विनियोजन ऐन, २०८२ तयार गरिएको।
- कोशी प्रदेश आर्थिक ऐन, २०८२ तयार गरिएको।
- आ.व. २०८२/८३ को वार्षिक बजेट सम्वन्धी प्रकाशनहरु विभिन्न व्यक्ति तथा निकायहरुलाई वितरण गरिएको।
- आ.व. २०८०/०८१ को वार्षिक प्रगति प्रतिवेदन तथा आ.व. २०८१/८२ को बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदन प्रकाशन गरिएको।
- प्रादेशिक आर्थिक सर्वेक्षण, कोशी प्रदेश २०८१/८२ को प्रकाशन गरिएको।
- संघीय सरकारबाट प्रदेश सरकारलाई प्राप्त सशर्त, समपूरक र विशेष अनुदानलाई प्रदेश सरकारको वार्षिक बजेटमा समावेश गरी कार्यान्वयनमा सहजीकरण गरिएको।
- प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण गरिने सशर्त र समपूरक अनुदानको कार्यान्वयनमा आवश्यक सहजीकरण गरिएको।

- संघीय सरकारका विभिन्न निकाय र स्थानीय तहसँग नियमित समन्वय र आपसी सहयोग आदानप्रदान गरिएको।
- बजेट तर्जुमा र कार्यान्वयन सम्बन्धी अन्य विविध कार्यहरु सम्पादन गरिएको।
- राजस्व परामर्श समिति गठन र प्रतिवेदन पेश गरिएको।
- राजस्व संकलन तथा खर्च सम्बन्धी नियमित अनुगमन गरिएको।
- MTEF तयारीमा आवश्यक समन्वय गरिएको।
- कोशी प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८१ को तर्जुमा गर्न आवश्यक समन्वय गरिएको।
- उदय परियोजना सञ्चालनमा आएको।
- मन्त्रालय र मातहतका कार्यालयको संगठन संरचना स्वीकृत भएको।
- सबै मन्त्रालयका सम्बन्धित कर्मचारीहरुलाई Project Identification, Selection and Development सम्बन्धी तालिम सञ्चालन गरिएको।
- प्रदेश राजस्व कार्यालय स्थापनाका लागि संगठन संरचना स्वीकृत भएको।
- प्रदेश सरकारको अन्य सरकारी कोषको अवस्था अध्ययन गर्न कार्यदल गठन गरिएको।
- विषयगत मन्त्रालय/निकायको मागको आधारमा कार्यक्रम संशोधन, रकमान्तर, थप बजेट लगायत कार्यमा सहजीकरण।
- विषयगत मन्त्रालय र निकायलाई बजेट कार्यान्वयनमा आवश्यक सहयोग र सहजीकरण गरिएको।
- विभिन्न निकायले माग गरेका जानकारी, प्रगति प्रतिवेदन तथा सूचना लगायतका विवरण उपलब्ध गराइएको।
- निम्न बमोजिमका दस्तावेज प्रकाशन गरिएकोः-
  - प्रादेशिक आर्थिक सर्वेक्षण, कोशी प्रदेश २०८१/०८२
  - विनियोजन विधेयक २०८२ का सिद्धान्त र प्राथमिकताहरु
  - बजेटसंग सम्वन्धित अन्य प्रकाशनहरु
  - व्यय अनुमानको विवरण २०८२/८३ (रातो किताब)
  - कार्यक्रम र परियोजना अनुसार बजेट विनियोजन, २०८२/८३ (कार्यक्रम पुस्तिका)
  - २०८२/८३ को लागि स्थानीय तहलाई वित्तीय हस्तान्तरणको विवरण
  - बजेटको वार्षिक प्रगति प्रतिवेदन, २०८०/०८१
  - बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन, २०८१/०८२
  - मध्यमकालिन खर्च संरचना-२०८२/०८३-२०८४/०८५
  - आर्थिक बुलेटिनहरु
  - सूचनाको हक सम्वन्धी नियमित प्रकाशनहरु

- अन्य नियमित प्रकाशनहरु

- निम्न बमोजिमको ऐन नियम कार्यविधि मापदण्ड तथा निर्देशिका तर्जुमा गरिएको।

| क्र.सं. | तर्जुमा गरिएको कानूनको नाम | संख्या | स्वीकृत/लागु मिति | कैफियत |
|---|---|---|---|---|
| १ | कोशी प्रदेश आर्थिक ऐन, २०८२ | १ | २०८२/३/२९ | |
| २ | कोशी प्रदेश विनियोजन ऐन, २०८२ | १ | २०८२/३/२९ | |
| ३ | आयोजनाको बहुबर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड,२०८१ | १ | २०८१/५/२७ | |
| ४ | कोशी प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ | १ | २०८१/१२/१९ | |
| ५ | कोशी प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८१ | १ | तर्जुमा गरिएको | |
| ५ | योगदानमूलक निवृत्तीभरण कोष स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | १ | तर्जुमा भएको | |
| ६ | कोशी प्रदेश तथ्याङ्क सम्बन्धी कार्यलाई व्यवस्थित गर्न बनेको विधेयक, | १ | तर्जुमा भएको | |

## ४.३ भौतिक पूर्वाधार विकास मन्त्रालय

आ.व.२०८१/८२ मा सम्पादित मुख्य-मुख्य कामहरुको विवरणहरू:

### क) सडक तथा पुल तर्फ

| प्रगति विवरण | इकाई | आ.व.२०८१/८२ मा निर्माण सम्पन्न |
|---|---|---|
| वहुवर्षीय सडक | वटा | ११ |
| मोटरेवल पुल | वटा | १८ |
| झोलुङ्गे पुल | वटा | ३६ |
| मर्मत | कि.मि. | ४९.३७ |
| ग्राबेल | कि.मि. | १९८.४५ |
| कच्ची | कि.मि. | १७८.७१ |
| RCC/PCC | कि.मि. | १६.७२ |
| सोलिङ | कि.मि. | ३१.१० |
| कालोपत्रे | कि.मि. | १२३.९३ |
| ट्र्याक ओपन | कि.मि. | ४३.१७ |

ख)　भवन तथा शहरी विकास तर्फ

| निर्माण संरचना | इकाई | आ.व.२०८१/८२ मा निर्माण सम्पन्न |
|---|---|---|
| सामुदायिक भवन निर्माण | वटा | ६९ |
| सरकारी भवन निर्माण | वटा | १३ |
| खेलकुद पूर्वाधार निर्माण | वटा | २१ |
| सभा हल निर्माण | वटा | ११ |
| धार्मिक पूर्वाधार | वटा | २५ |
| विद्यालय पूर्वाधार | वटा | ४० |
| शहरी सडक | वटा | २७३ |
| अन्य शहरी पूर्वाधार | वटा | १०३ |
| अन्य भवन | वटा | १५८ |

## ४.४ आन्तरिक मामिला तथा कानून मन्त्रालय

आ.व. २०८१/८२ को वार्षिक कार्यक्रम कार्यान्वयनको अवस्था

- लागुपदार्थ दुर्व्यसनी विरुद्धको सचेतना अभियानमा FAN CLUB को परिचालन सम्बन्धी कार्यक्रम मिति २०८१।१२।२२ मा कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरसंग सम्झौता भई विभिन्न स्थानमा कार्यक्रम सञ्चालन गरी सम्पन्न भईसकेको।
- सुरक्षित सीमा सुरक्षित जीवन कार्यक्रम अन्तर्गत सशस्त्र प्रहरी बल नेपाल १ नं. बराह बाहिनी मुख्यालय सुनसरीसंग मिति २०८१।१२।१४ मा सम्झौता भई कार्य सम्पन्न गरिएको।
- समुदाय परिचालन शीर्षक अन्तर्गत लागुपदार्थ दुर्व्यसनी विरुद्ध सचेतना कार्यक्रम प्रदेश स्काउट कार्यालय विराटनगरसँग मिति २०८१।१२।२९ मा सम्झौता भई कार्य सम्पन्न भएको।
- क्यूआरकोड सहितको अस्थायी सवारी चालक अनुमतिपत्र/स्मार्ट कार्ड Read गर्न सक्ने मोबाइल खरिद गरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयलाई हस्तान्तरण गरिएको।
- कोशी प्रदेशका थप ३ स्थानमा २०८२।१२।३१ गतेदेखि सवारी पटके बाटो इजाजत राजश्व संकलन केन्द्रको स्थापना गरी सेवा सुचारू गरिएको।
- मिति २०८२ साल असारमा १४ वटै जिल्लामा एकैसाथ ट्राफिक सप्ताह सम्पन्न गरेको।
- एकीकृत भन्सार जाँच चौकीबाट भारतीय सवारी साधनहरुलाई पटके इजाजत प्रदान गरी हरियो स्टीकर वितरण गरिएको।
- प्रयोगात्मक परीक्षामा सफल भएकै दिन अस्थायी सवारी चालक अनुमतिपत्रको कार्ड वितरण गर्ने व्यवस्था गरिएको।
- सबै यातायात व्यवस्था कार्यालयहरुमा बढीमा १० वटा फोटोकपी निःशुल्क गरिदिने गरी हेल्पडेस्क स्थापना गरिएको।

- सवारी चालक अनुमतिपत्रको अनलाइन भुक्तानी गर्न मिल्ने गरी सेवा सुचारू गरिएको।
- आगामी आ.व. २०८२।०८३ देखि क्युआरकोड सहितको स्मार्ट कार्ड छपाई गरी वितरण गर्ने गरी बोलपत्र आह्वान गरिएको।
- यातायात कार्यालयहरूमा भएका पुराना ढड्डाहरूलाई व्यवस्थापन गर्न डिजिटलाइजेसनको प्रक्रिया अगाडि बढाइएको।
- सवारी दर्ता प्रणालीलाई विद्युतीय प्रणालीमा रूपान्तर गर्न eVRS प्रणाली विकास तथा eBluebook छपाईको समेत प्रक्रिया अगाडि बढाइएको।
- एकीकृत विपद् व्यवस्थापन गर्ने उद्देश्य अनुरूप सहलगानी सम्झौता अनुसार अर्जुनधारा नगरपालिका केन्द्र रहेको मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र भवन निर्माणका लागि अन्तिम किस्ताबापतको रू २ करोड १८ लाख ४० हजार रकम निकासा भई निर्माण सम्पन्न हुने चरणमा रहेको तथा आठराइ गाउँपालिकामा रहेको केन्द्रको भवन निर्माणका लागि पहिलो किस्ताबापतको रू २ करोड रकम निकासा भई भवन निर्माण कार्य भइरहेको।
- नेपाली सेना पूर्वी पृतना हेडक्वाटर इटहरी सुनसरीसँगको सहकार्यमा प्रदेश मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, ४ वटै सुरक्षा निकाय र संघ सस्थाहरूका प्रतिनिधिहरूको सहभागितामा २ दिने कृत्तिम घटना अभ्यास (सैद्धान्तिक ज्ञान, TTX/SME र Demonstration) कार्यक्रम सम्पन्न गरिएको।
- गा.पा. उपनिर्वाचन, केवलकार विरोधी समुहले गर्ने आन्दोलन लगायत विविधमा खर्च गर्ने गरि कोशी प्रदेश प्रहरी कार्यालयलाई मिति २०८२।०१।३१ मा गाडी मर्मत खर्च भुक्तानी गरिएको।
- लागुपदार्थ दुर्व्यसनी विरुद्धको सचेतना अभियानमा FAN CLUB को परिचालन सम्बन्धी कार्यक्रम मिति २०८१।१२।२२ मा कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरसंग सम्झौता भई विभिन्न स्थानमा कार्यक्रम सञ्चालन गरी सम्पन्न भईसकेको।
- सुरक्षित सीमा सुरक्षित जीवन कार्यक्रम अन्तर्गत सशस्त्र प्रहरी बल नेपाल १ नं. बराह बाहिनी मुख्यालय सुनसरीसँग मिति २०८१।१२।१४ मा सम्झौता भई कार्य सम्पन्न गरिएको।
- समुदाय परिचालन शीर्षक अन्तर्गत लागुपदार्थ दुर्व्यसनी विरुद्ध सचेतना कार्यक्रम प्रदेश स्काउट कार्यालय विराटनगरसँग मिति २०८१।१२।२९ मा सम्झौता भई कार्य सम्पन्न भएको।

## ४.५ स्वास्थ्य मन्त्रालय

आ.व.२०८१/८२ मा सम्पादित मुख्य कार्यहरु

- उच्चस्तरीय अस्पताल सेवा सुधार अध्ययन कार्यदल गठन तथा कार्यान्वयन गरिएको।
- २ वटा जी ए मेसिन खरिद तथा जडान गरिएको।
- ३ वटा ख वर्गको एम्बुलेन्स खरिद गरिएको।
- १७१५ जना कडा रोग लागेका विभिन्न नागरिकलाई औषधी उपचार खर्च प्रदान गरिएको।

- निःसन्तान उपचार तथा स्त्रीरोग शल्यक्रिया सेवा विस्तार र सञ्चालनका लागि जिल्ला अस्पताल धनकुटामा ल्याप्रोस्कोपी तथा कोल्पोस्कोपी खरिद गरिएको।

- आङ खस्ने समस्या भएका महिलाहरुको निःशूल्क शल्यक्रिया कार्यक्रम सञ्चालन गरिएको।

- आयुर्वेद स्वास्थ्य केन्द्र अस्पतालहरुको न्युनतम सेवा मापदण्डको अनुगमन तथा समीक्षा गरिएको।

- आयुर्वेद औषधी खरिद गरिएको।

- एक पालिका एक महिला स्वास्थ्य स्वयंसेविका सम्मान कार्यक्रम अन्तर्गत १३७ जना महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मान गरिएको।

- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका बीमा कार्यक्रम सञ्चालन गरिएको।

- गर्भवती सुत्केरी सेवामा अस्पतालहरुबाट निदानात्मक सेवा (प्रयोगशाला र भिडियो एक्स रे) र दश वर्षमुनिका लक्षित वर्गका बालबालिकाहरुको निःशुल्क उपचार सेवा सञ्चालन गरिएको।

- वृद्धाश्रम मठमन्दिर धर्मशाला मानवसेवा आश्रममा आश्रित वृद्धवृद्धा तथा असहाय द्वन्द्व प्रभावित एवं एम्बुलेन्स चालक गरी ६१ जनाको स्वास्थ्य बीमा गरिएको।

- सरोकारवाला संघसंस्थासँगको समन्वयमा वृद्धाश्रम, मठमन्दिर, धर्मशाला, मानवसेवा आश्रम आदिमा निरन्तर आश्रित नागरिकलाई निःशुल्क स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिएको।

- ५९ वटा जिपिएस खरिद भई ३३ वटा एम्बुलेन्समा जडान गरिएको।

- विद्यालय नर्स समीक्षाका साथै देखाइ सम्बन्धी समस्या तथा दन्तरोग पहिचान तथा व्यवस्थापन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको।

- ८८ जना एच आइभी संक्रमित बालबालिकाहरुलाई मासिक रु. १०००।— का दरले पोषण खर्च प्रदान गरिएको।

- KIOCH [Kathmandu Institute of Child Health] दमक लाई सञ्चालन अनुदान प्रदान गरिएको।

- विशेषज्ञ सेवा सहितको कोशी प्रदेश घुम्ती शिविर सञ्चालनका लागि उपकरण जडित १ वटा Mobile Van खरिद गरिएको।

- सुनाई सम्बन्धी अपाङ्गता भएका बहिरा र श्रवण दृष्टिविहिन नागरिकहरुको स्वास्थ्य उपचार लगायत अन्य सेवा सहजीकरणका लागि राष्ट्रिय बहिरा महासंघ नेपाल कोशी प्रदेशका लागि १४ जिल्लामा १४ जना दोभाषे करारमा राखिएको।

- ए एम आर सर्भिलेन्स साइट सुदृढीकरणका लागि औजार उपकरण खरिद तथा व्यवस्थापन गरिएको।

- १५ वटा माइक्रोस्कोप खरिद गरिएको।

- विशेषज्ञ चिकित्सकहरुबाट प्रदेशका दुर्गम क्षेत्रमा समेत उपचार सेवा प्रदान गर्ने वातावरण निर्माण गर्न विशेष कार्यक्रम विशेषज्ञ चिकित्सक प्रोत्साहन भत्ता सञ्चालन गरिएको।

- स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थाहरुको सुदृढीकरणका लागि न्युनतम सेवा मापदण्डको कार्यान्वयनमा आवश्यक सहजीकरण गरिएको।

- अस्पताल तथा स्वास्थ्य सेवा सुदृढीकरणका लागि निःशुल्क तथा अन्य औषधीजन्य सामाग्रीहरु खरिद गरिएको।

- महामरी रोकथाम नियन्त्रण, आपतकालिन स्वास्थ्य व्यवस्थापनका लागि पूर्वतयारी र प्रतिकार्य योजना तयार गरी सर्भिलेन्स प्रणालीलाई सुदृढ गर्न महामारी रोग रोकथाम नियन्त्रण तथा विपद् व्यवस्थापन ए इ एफ आइ व्यवस्थापन र जनशक्ति परिचालन तथा ८६ वटा स्थानीय तहहरुमा जिल्लास्तरीय RRT बैठक तथा समीक्षा स्वास्थ्य क्षेत्रको प्रतिकार्य योजना अध्यावधिक गरिएको।

## ४.६ खानेपानी, सिँचाइ तथा उर्जा मन्त्रालय

आ.व.२०८१/८२ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार सम्पादित मुख्य मुख्य विवरणहरु:

क) प्रदेश सिंचाइ तथा जलस्रोत तर्फ

- सिंचाइ सुविधा नपुगेको कृषि भूमिमा सतह सिंचाइ प्रणालीबाट ४०५ हेक्टर र भूमिगत सिंचाइ प्रणालीबाट ३०४३ हेक्टर गरी जम्मा ३४४८।८० हेक्टर कृषियोग्य जमिनमा नयाँ सिंचित सुविधा विस्तार भएको छ भने ८०८४ हेक्टर जमिनमा सिंचाइ सुविधा व्यवस्थित भएको छ।

- स्वीस सरकार, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र उपभोक्ता समितिको साझेदारीमा यस प्रदेशको ८ अटा मध्यपहाडी जिल्लाका ५९ स्थानीय तहहरुमा संचालित साना सिंचाइ कार्यक्रम-दोस्रो चरण अन्तर्गत ११५७ वटा कृषक कुलोहरु सुधार भई २०४०० हेक्टर जमिनमा सिंचाइ सुविधा व्यवस्थित भएको छ।

- दातृ निकाय ए.डि.बी. को सहयोगमा प्रदेशका १३ जिल्लामा २७ वटा सिंचाइ उप-आयोजनाहरुबाट ३५१० हेक्टर जमिनमा सिंचाइ सुविधा व्यवस्थित गर्ने र कुवेत कोषको सहयोगमा ७ वटा सिंचाइ उप-आयोजनाहरुबाट ७५५ हेक्टर जमिनमा सिंचाइ सुविधा व्यवस्थित हुने गरी कार्यक्रम संचालन भएको छ।

- तराईका जिल्लाहरु रहेका मुख्य तथा अन्य साना नदिहरुबाट हुने डुबान समस्यालाई न्यूनिकरणका लागि १४.४० कि.मि. बाँध निर्माण तथा तटबन्ध कार्य सम्पन्न भई करिब २८९२ हेक्टर जग्गा संरक्षण/उकास भएको।

- आपतकालिन तथा विपद् व्यवस्थापन/रोकथामका लागि ३९०१ थान तारजाली, १५००० गोटा नाईनल बोरा र ९५०० मि. पाइप वितरण भएको छ।

- आ.व. २०८१/८२ भन्दा अगाडी सिंचाइ तथा नदि नियन्त्रण तर्फ १९ वटा बहुबर्षीय स्रोत सुनिश्चितता भई कार्यान्वयनमा रहेका आयोजनाहरु मध्ये सिंचाइ तथा नदि नियन्त्रण तर्फ ३ वटा आयोजनाहरु सम्पन्न भई सकेको छ, भने आ.व. २०८१/८२ सिंचाइ तथा नदि नियन्त्रण तर्फ १३ वटा आयोजनाहरुको बहुबर्षीय स्रोत सुनिश्चितता प्राप्त भएको छ।

ख)	खानेपानी तथा सरसफाईतर्फ

- आ.व. २०८१/८२ भन्दा अगाडी ४ वटा बहुबर्षीय स्रोत सुनिश्चितता भई कार्यान्वयनमा रहेका आयोजनाहरु मध्ये ४ वटै आयोजनाहरु सम्पन्न भईसकेको छ, भने आ.व. २०८१/८२ खानेपानीतर्फ १२ वटा आयोजनाहरु बहुबर्षीय स्रोत सुनिश्चितता प्राप्त भएको छ।

- आ.व. २०८१/८२ सम्म आधारभूत खानेपानी पुगेको जनसंख्या ९३.१० प्रतिशत, आधारभूत सरसफाई पुगेको जनसंख्या ९८ प्रतिशत र सुरक्षित खानेपानी पुगेको जनसंख्या ३४.७० प्रतिशत रहेको देखिन्छ।

ग)	नवीकरणीय ऊर्जातर्फ

- वातावरण मैत्री विद्युतीय सवारी साधनहरुलाई प्रोत्साहन गर्न र पेट्रोलियम पदार्थको खपतलाई विस्थापन गर्न यस प्रदेशका विभिन्न स्थानहरुमा १३ वटा विद्युतीय चार्जिङ्ग स्टेशन निर्माण गरी संचालनमा ल्याईएको छ।

- नवीकरणीय उर्जा प्रवर्द्धन गर्न कोशी प्रादेशिक अस्पताल, भद्रपुर, झापामा १२० किलोवाट क्षमताको ग्रीड कनेक्टेड सोलार प्रविधि जडान र झापा जिल्लाको कन्काई घाटमा प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा १ वटा विद्युतीय शवदाह गृह निर्माण गरी संचालनमा ल्याईएको छ।

- विपन्न वर्ग लक्षित सौर्य ऊर्जा उज्यालो कार्यक्रम तर्फ ताप्लेजुङ्ग जिल्लाको मैवाखोला गा.पा. र तेह्रथुम जिल्लाको म्याङलुङ न.पा. अन्तर्गत १२५ घरधुरीहरुमा सोलार बत्ती जडान भएको छ।

## ४.७ सामाजिक विकास मन्त्रालय

आ.व.२०८१/८२ मा सम्पादित मुख्य कार्यहरु

| क्र.सं. | आ.ब. २०८१/८२ मा भएका मुख्य मुख्य उपलब्धीहरु | कैफियत |
|---|---|---|
| १ | २० वटा विद्यालयहरूमा **विद्यालयमा स्वच्छ पिउने पानी प्रबन्ध कार्यक्रम** अन्तर्गत स्वच्छ पिउने पानीको व्यवस्था गरिएको र **शिक्षण अनुगमनमा ICT को प्रयोगका लागि व्यवस्थापन कार्यक्रम** अन्तर्गत दुर्गम हिमाली तथा पहाडि जिल्लाहरू (ताप्लेजुङ, संखुवासभा, खोटाङ र सोलुखुम्बु) का ४ वटा विद्यालयहरू र विद्यालयहरू सम्बन्धित स्थानीय तहहरूमा सूचना तथा सञ्चार प्रविधिका सामग्रीहरूको व्यवस्थापन गरिएको। | |
| २ | विद्यार्थी संख्या न्यून भई आवश्यकता र औचित्यका आधारमा पछिल्लो वर्षभित्र प्रचलित कानून अनुसार एकआपसमा गाभिई सञ्चालन भएका ५ वटा विद्यालयहरूलाई **विद्यालय प्रोत्साहन** अनुदान प्रदान गरिएको र **स्थानीय तहको साझेदारीमा बालमैत्री विद्यालय सञ्चालनको** लागि ४२ वटा विद्यालयहरूलाई अनुदान प्रदान गरिएको । | |
| ३ | मर्मत, सम्भार तथा पुनः निर्माण कोष, कोशी प्रदेशको कोषबाट ८३ विद्यालय/शिक्षण संस्थाहरू र राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको २०८१ सालको | |

| क्र.सं. | आ.ब. २०८१/८२ मा भएका मुख्य मुख्य उपलब्धीहरु | कैफियत |
|---|---|---|
| | मनसुनजन्य विपद पश्चातको पुर्नलाभ योजनामा सूचीकृत भएका २० वटा विद्यालयहहरू गरी जम्मा १०३ विद्यालयहरूमा विपद व्यवस्थापनको लागि शैक्षिक कार्यक्रम सञ्चालन गरिएको। | |
| ४ | मन्त्रालयले सञ्चालन गरेको विविध शैक्षिक कार्यक्रमहरूध्ये तीन **कार्यक्रमहरू (१) नमूना विद्यालय विकास कार्यक्रम (२) बालमैत्री विद्यालय विकास कार्यक्रम (३) विद्यालयमा ICT व्यवस्थापन कार्यक्रमको** प्रभावकारिता, सफलता, सिकाइ तथा अनुभव सम्बन्धी वृत्तचित्र निर्माण गरी प्रसारण गरिएको । | |
| ५ | प्रदेश सरकारबाट सञ्चालन भएका १३ नमूना विद्यालयहरू साथै सङघीय सरकारबाट तथा आफ्नै प्रयत्नबाट व्यवस्थापकीय र शैक्षिक दृष्टिले सबल रहेका ७ वटा गरी जम्मा २० **वटा नमुना विद्यालयहरूको सफलताको कथा** प्रकाशन गरिएको र कोशी प्रदेश अन्तर्गतका स्थानीय तहले निर्माण गरी कार्यान्वयन गरेका स्थानीय पाठ्यक्रमको अवस्था तथा प्रभावकारिता अध्ययन गरी **स्थानीय तहले विकास गरेको स्थानीय पाठ्यक्रम सम्बन्धी अध्ययन प्रतिवेदन** प्रकाशन गरिएको । | |
| ६ | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका कार्यक्रम सञ्चालित शिक्षालय/विद्यालयहरू मध्येबाट एउटा शिक्षालय छनोट गरी नमूना शिक्षालयको रुपमा विकास गरिएको । | |
| ७ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् प्रदेश कार्यालय, इटहरीको समन्वयमा पूर्व सिकाइ मान्यता (RPL) विधिबाट ४०९ जनाको सीप परीक्षण कार्य सम्पन्न गरिएको। | |
| ८ | प्रावधिक तथा व्यावसायिक शिक्षा र तालिम (CTVET) प्रोफायल निर्माण गरिएको। | |
| ९ | १४ वटा शिक्षालय मार्फत औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टीसीप ) कार्यक्रम निशुल्क रुपमा सञ्चालन भई २५९ जना प्रशिक्षर्थीले उक्त कार्यक्रम पुरा गरी १२७ जनाले रोजगारी पाइसकेको । | |
| १० | प्रावधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) का कार्यक्रमहरू प्रभावकारी रुपमा सञ्चालनका गर्नका लागि कम्प्युटर एसोसिएसन (CAN) कोशी प्रदेश र उद्योग संगठन मोरङसँग सम्झौता गरिएको । | |
| ११ | १० जना उत्कृष्ट महिला उद्यमीलाई प्रोत्साहन तथा सहयोग कार्यक्रम सम्पन्न भएको । | |
| १२ | स्थानीय तहहरुसँगको साझेदारीमा बौद्दिक अपांगता तथा अटिजम भएका बालबालिकाका लागि संस्थागत अनुदान-५ वटा संस्थालाई रु ८,५०,००० प्रदान गरिएको । | |
| १३ | स्थानीय तहहरुको साझेदारीमा बाल कल्याण गृहमा आश्रित बालबालिकाका लागि संस्थागत अनुदान-१४ संस्थालाई रु २९ लाख प्रदान भएको । | |
| १४ | स्थानीय तहहरुको साझेदारीमा विपन्न, दलित, जनजाती र सीमान्तकृत महिलाका लागि आर्थिक आत्मनिर्भर कार्यक्रम सञ्चालन अनुदानः १४ जिल्लाका १४ स्थानीयतहहरुमा रु ७ लाखका दरले कुल रु ९८ लाख प्रदान गरिएको । | |

| क्र.सं. | आ.ब. २०८१/८२ मा भएका मुख्य मुख्य उपलब्धीहरु | कैफियत |
|---|---|---|
| १५ | स्थानीय तहको साझेदारीमा सन्थाल आदिवासी महिलाहरुको सिप विकास तथा सशक्तीकरण कार्यक्रम सञ्चालन अनुदान- ४ स्थानीय तहहरुमा रु ५ लाखका दरले रु २० लाख उपलब्ध गराईएको ।(झापा गाउँपालिका, बाह्रदशि गाउँपालिका, जहदा गाउँपालिका, गौरीगञ्ज गाउँपालिका) | |
| १६ | आ.ब. २०८१/०८२ मा गैरनाफामूलक संस्थाहरु नँया संस्था दर्ताः ७ वटा, संस्था दर्ता नविकरणः १२ वटा, संस्था सूचिकृतः ११० वटा र संस्था सूचिकृत नविकरणः ९३ वटा गरिएको । | |
| १७ | आर्थिक वर्ष २०७६/७७ बाट अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम लागू भई हाल १३७ स्थानीय तहहरुमा संचालनमा रहेको जसबाट २०७६ साल देखि हालसम्म ६६,३०५ जना अपाङ्गता भएका व्यक्ति कार्यक्रममा आबद्ध भएका जसमध्ये ५७,४२१ जनाको पुनःस्थापना योजना सहित प्रोफायल निर्माण तयार भई काम भईरहेको। अपाङ्गता भएका व्यक्तिहरुले कार्यक्रमबाट ४,५३६ जनाले विभिन्न किसिमका उपचार सेवा, ७,३४४ जनाले विभिन्नकिसिमका सहयोगी सामग्री प्राप्त गरेको, ३६,७३३ जनाले कार्यक्रमको सहयोग पाएर अपाङ्गता परिचय पत्र पाएका छन् भने, ११३ स्थानीय तहहरुमा अपाङ्गता भएका व्यक्तिहरुको संस्था गठन भई सामाजिक नेतृत्वमा क्रियाशिल रहेका, ४३४० जनाले सीप विकास तालिम प्राप्त गरी ९६० जना अपाङ्गता भएका व्यक्तिले उद्यम व्यवसाय सञ्चालन गरिरहेका, १२६ जना अपाङ्गता भएका व्यक्तिहरुले प्रत्यक्ष कार्यक्रम कार्यान्वयनसंग सम्बन्धित भएर रोजगारमा संलग्न भएका छन्। १३७ स्थानीय तहका ९१८ वडाहरुमा मिलिजुली समूहहरु गठन भई ८०१ समूहहरुमा बिउ पूँजी परिचालन भईरहेको छ ।<br><br>५२३६ जना शिक्षक तथा व्यवस्थापन समितिका सदस्यहरुले समावेशी शिक्षासम्बन्धी तालिम प्राप्त गरेका छन्। १३५४ जना बालबालिकाले कार्यक्रमबाट सहयोग पाएर विद्यालय भर्ना भएका छन्। जन्मेको २८ दिन भित्र जन्मदोष पहिचानका लागि ६०,१९६ जना शिशुहरुको स्वास्थ्य परीक्षण गरी १८३ जनालाई समयमै उपचार गरेर अपाङ्गता हुनबाट जोगाईएको छ। | |
| १८ | वि.स. २०७६ साल माघ देखि लैङ्गिक हिंसा पीडित/प्रभावित महिलाहरुको संरक्षणका लागि यस मन्त्रालायबाट दीर्घकालीन पुनःस्थापना गृह (safe house) सञ्चालन भएको, जसबाट आ.ब. २०८१/०८२ मा ८ जना पीडित तथा ४ जना आश्रित बालबालिकाहरुले सेवा प्राप्त गरेका, १९ जनालाई सामाजिक तथा पारिवारिक पुनःस्थापना गरिसकिएको, ५ जना आश्रित बालबालिकाहरुलाई एस.ओ.एस. बालग्राम, इटहरीमा संस्थागत स्याहारका लागि पठाइएको भने १ आश्रित बालबालिका लाई पारिवारिक पुनर्स्थापना गराईएको । । | |
| १९ | विभिन्न जातजातीका समाधिस्थल, कब्रस्थान र घाटहरु स्थानीय तहसँगको साझेदारीमा प्रदेशका २९ स्थानमा निर्माण गर्न अनुदान उपलब्ध गराई सम्पन्न गरिएको । | |
| २० | प्रदेशका १३ वटा सामुदायिक पुस्तकालयहरुको सुदृढीकरणका लागि अनुदान उपलब्ध गराई सम्पन्न गराईएको । | |

| क्र.सं. | आ.ब. २०८१/८२ मा भएका मुख्य मुख्य उपलब्धीहरु | कैफियत |
|---|---|---|
| २१ | प्रदेशका ३ वटा थिएटर तथा नाटकघरहरुलाई नाटकको विकासका लागि अनुदान उपलब्ध गराई कार्यान्वयन गरिएको । | |
| २२ | ८ वटा संग्रहालयहरुको व्यवस्थापकीय सुधारका लागि अनुदान उपलब्ध गराई कार्यान्वयन गरिएको । | |
| २३ | १६ वटा स्मृति, प्रतिष्ठान, फाउण्डेशनको उद्देश्य अनुरुप सञ्चालन गर्ने कार्यक्रममा अनुदान उपलब्ध गराई कार्यान्वयन गरिएको । | |
| २४ | आरोहण गुरुकुल विराटनगरको संस्थागत सुदृढीकरणका लागि अनुदान उपलब्ध गराई कार्यान्वयन गरिएको । | |
| २५ | परम्परागत धर्म, संस्कृति संरक्षण एवम् प्रदेश तहमा भाषा, लिपी, ललितकला प्रवर्द्धनका लागि अनुदान उपलब्ध गराई कार्यान्वयन गरिएको । | |
| २६ | कोशी प्रदेशमा आप्रवासी स्रोत केन्द्र सञ्चालनार्थ बजेट विनियोजन सहित कर्मचारी व्यवस्थापन गरिएको । | |
| २७ | रोजगार सेवा केन्द्रहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको । | |
| २८ | वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको सामाजिक तथा आर्थिक पुनःएकिकरण कार्यक्रम कोशी प्रदेशका १० वटा स्थानीय तहमा सञ्चालनमा रहेको र तहाँका कर्मचारीहरुलाई क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको । | |
| २९ | सुरक्षित आप्रवासन कार्यक्रम मार्फत मनोसामाजिक परामर्श सेवा कार्यक्रम सहित सिप उद्यमशीलता कार्यक्रम सञ्चालन गरिएको । | |
| ३० | श्रम संसार पोर्टलको सञ्चालन तथा व्यवस्थापन गरिएको । | |

## ४.८ उद्योग, कृषि तथा सहकारी मन्त्रालय

आ.व.२०८१/८२ मा सम्पादित मुख्य कार्यहरु

### १. कृषितर्फ

- विभिन्न जिल्लामा १०६ माटो परीक्षण शिविरमार्फत १०११६ नमूना विश्लेषण गरी स्वस्थ माटो, स्वच्छ बालीका लागि ३३१ मे.टन कृषि चुन तथा ढैंचा बीउ वितरण र ८ प्राङ्गारिक मल उत्पादक कम्पनीबाट आपूर्ति भएको ७९० मे.टन मल प्रयोगमा ८४ किसानलाई अनुदान प्रदान गरिएको छ। ६७० बीउ नमूना परीक्षण, ३९५ मे.टन बीउ प्रमाणीकरण तथा ८ बीउ भण्डार गृह निरीक्षण गरी आवश्यक सुझाव सहितका गुणस्तरीय सेवा प्रदान गरिएको छ।
- खोरेत नियन्त्रण आयोजना अन्तर्गत कार्यविधि पारित गरी जोन क्षेत्र निर्धारणसहित योजना कार्यान्वयनमा गई १० जिल्लामा छलफल सम्पन्न गरिएको छ। प्रदेश र संघबाट प्राप्त खोपमार्फत

**१५.६६ लाख पशुमा खोप** लगाइयो, **५३७७ नमूना** सेरो-मोनिटरिङ गरिएको र खोप ढुवानी तथा भण्डारणका लागि **चिलिङ भ्यान र २५ रेफ्रिजरेटर** व्यवस्थापन गरिएको छ।

- कृत्रिम गर्भाधानमार्फत १८८,४७७ पशुमा सेवा दिइएको छ । ३४६,५४१ पशुको उपचार र २९,७७८ नमूना परीक्षण गरिएको छ। विभिन्न रोगबाट बचाउन **३९,५४,३५४** पशु खोप लगाइएका छन्। ७५ फार्ममा थुनेलो रोग नियन्त्रण, १४,०२५ कुकुर-विरालोमा रेविज खोप र ३२ स्वास्थ्य शिविरमार्फत ४४,७४३ पशुपन्छीको उपचार र औषधि वितरण गरिएको छ।

- पशु आहार प्रवर्द्धनका लागि हिउँदे, बर्षे र बहुवर्षीय घाँसको बीउ/बेर्ना/सेट्स वितरण, UMMB ब्लक वितरण तथा साइलज उत्पादन प्रदर्शन गरिएको छ।

- ८ वटा वाणिज्य बैंक, १७ सहकारी र ४ वित्तीय संस्थासँग सम्झौता गरी कुल **६६ जना कृषि उद्यमीलाई २३ करोड ९७ लाख २५ हजार** कृषि कर्जा प्रवाह गरिएको र ब्याज अनुदानको व्यवस्था गरिएको छ।

- विषादीरहित खाना सचेतना कार्यक्रम अन्तर्गत १०२ स्थलगत कार्यक्रममार्फत **२७७७ महिला**लाई रासायनिक विषादीको असर र न्यूनिकरण उपायमा अभिमुखीकरण गरिएको छ। साथै, १४ कृषक पाठशालामा **३४५ कृषक**लाई तरकारी बालीमा बीउ तयारी, रोग/कीरा नियन्त्रण र बजारिकरणबारे प्रशिक्षण दिइएको छ।

- १८१ हेक्टर अलैंची र ३५५ हेक्टर सुन्तला बगैचा सुदृढीकरण, साथै २१२.४ हेक्टर यान्त्रिकीकरणमार्फत कृषकलाई तालिम, सामाग्री वितरण र उत्पादन सुधार गरिएको छ।

- विश्वविद्यालय र अनुसन्धान केन्द्रको समन्वयमा ३ जिल्लाका बगैंचामा ६५ हेक्टरमा रोग/कीरा व्यवस्थापन सुधार गर्दै प्रविधि प्रदर्शन र सामाग्री वितरण गरिएको, ५ पालिकामा कृषि उत्पादन सम्भाव्यता अध्ययन सम्पन्न भएको र स्थलगत तथा जिल्लास्तरका १८५ तालिममार्फत ४७७० भन्दा बढी कृषकलाई बाली व्यवस्थापन, रोग/किरा नियन्त्रण, जैविक/वनस्पति विषादी प्रयोग र व्यावसायिक खेती सम्बन्धी तालिम प्रदान गरिएको छ।

- खोटाङ्ग, ओखलढुङ्गा र उदयपुरका विद्यालयका ४६४६ विद्यार्थीलाई **Learn and Earn** कार्यक्रम र विद्यालयमै कृषि शिक्षा कार्यक्रममार्फत तरकारी, च्याउ, मौरी पालन, बेमौसमी बाली र उन्नत खेती प्रविधि सिक्दै कमाउने अवसर प्रदान गरिएको छ।

- १७ कृषकस्तर तालिममार्फत ३७६ कृषकलाई व्यावसायिक च्याउ, तरकारी, मौरीपालन, उपकरण मर्मत र फलफूल/तरकारी प्रशोधन तालिम दिई व्यवसायिक कृषि उन्मुख गराइएको। ३२ कृषकस्तर र २२ प्राविधिकस्तर तालिममार्फत ८०७ कृषक र २७७ पशुसेवा प्राविधिकलाई व्यावसायिक पशुपालन तालिम उपलब्ध गराईएको छ।

- विभिन्न तालिम, प्रविधि प्रदर्शन, अनुगमन, प्रविधि सहयोग र विद्यालय कार्यक्रममार्फत हजारौं कृषक, उद्यमी र विद्यार्थीलाई ज्ञान, सीप र आधुनिक कृषि पशुपालन अभ्यासमा प्रवर्द्धन गरी उत्पादन, व्यवसायिकता र सुशासनमा प्रगति गरिएको छ।

## २. उद्योग, वाणिज्य क्षेत्रः

- १०१६ उद्यमीलाई ७.९१ करोड प्रविधि सहयोग दिइएको छ, १५४ बजार अनुगमन र २०५० उद्योग निरीक्षण गरिएको छ। उद्यमी विकास र रोजगार कार्यक्रममा २७३१ र युवा उद्यमशीलता तालिममा ५०५८ जनालाई तालिम प्रदान गरिएको छ। १९६३ नयाँ वाणिज्य फर्म दर्ता र ४८० फर्मको पूँजी ८६.८७ करोडले बढाइएको छ।

- मन्त्रालय/निकायले GIOMS, PAMS V2 र ICAS प्रणाली लागू गरी प्रशासनिक कार्यहरू सहज बनाएको, बीउ व्यवसायी, दाना उद्योग र विषादी विक्रेता अनुगमन सम्पन्न गरिएको छ।

- उद्योग दर्ता अन्तर्गत १० अर्ब ४४ करोड पूँजी भएका ३०१९ उद्यम दर्ता भई ३७३१ उद्यमी मार्फत १०७७७ रोजगारी सिर्जना भएको छ। उद्योग वाणिज्य सम्बन्धी सेवाहरु आधुनिक सूचना प्रविधिमा आधारित सेवा प्रवाहका लागि ICAS उद्योग वाणिज्य प्रशासन प्रणालीको माध्यमबाट उद्योग दर्ता, नविकरण, खारेजी, पूँजी बृद्धि र स्थानान्तरण आदि सम्पूर्ण कार्यहरु उक्त प्रणाली मार्फत संचालन गर्ने गरिएको छ ।

- **युवा उद्यमशीलता तथा औद्योगिक जनशक्ति विकास अन्तर्गत** २७५ वटा तालिम मार्फत ३३७५ महिला सहित ५०५८ जनालाई उद्यमशीलता तथा औद्योगिक जनशक्ति विकास तालिम प्रदान गरिएको छ।

**३. सहकारीतर्फः**

- प्रदेशको कार्यक्षेत्रमा रहेका १०७३ वटा सहकारी संस्थामा करीब ७७ अर्ब ६० करोड अरब वचत र ८२ अरब ४८ करोड बराबरको ऋण तथा यस क्षेत्रबाट ७३५४ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन। २६९ वटा सहकारीको नियमित र १४ वटाको सघन अनुगमन गरी ३५ वटा सहकारीको छानविन परामर्श उपलब्ध गराई एउटा सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गरिएको छ।

- केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८१ प्रदेश राजपत्रमा मिति २०८१/०७/०४ मा प्रकाशित भई मिति २०८१।०९।१८ गते मन्त्रिपरिषदको निर्णयबाट संकटग्रस्त सहकारी ब्यवस्थापन समितिको गठन भई मिति २०८१।०९।२६ समितिको कार्यालय समेत स्थापना भई कार्य प्रारम्भ गरेकको र हालसम्म ऋणीहरुले लिएको रु ३२ लाख ऋण फिर्ता गरिएको छ।

## ४.९ पर्यटन, वन तथा वातावरण मन्त्रालय

आ.व.२०८१/८२ को प्रमुख उपलब्धिहरू

- १८.९८ हे. वन अतिक्रमण हटाइएको ।
- एक वर्षीय विरूवा १८ लाख ४० हजार र बहुवर्षीय विरूवा १० लाख ७० हजार, फलफुलका १ लाख र जडिबुटीका २ लाख उत्पादन ।
- ७ वटा स्थायी नर्सरी निर्माण भएको र ५५ वटा नर्सरी मर्मत ।
- २३४.८६४ हे. क्षेत्रमा वृक्षारोपण र २९.०३ हे पुनःरोपण ।
- जि.व.पै.आ. समितिबाट ५८६ घरधुरीहरूलाई ३१४५० क्यु.फि. काठ वितरण

- ११ वटा सामुदायिक वन (१७२९.५८ हे.) गठन भएको तथा ४४३ सा.व. र १२२ क.स.व. को कार्ययोजना नविकरण ।
- नेपाल वन निगमलाई १९ हजार ७ सय क्यु.फिट. भन्दा बढी काठ हस्तान्तरण ।
- समग्र वन पैदावारबाट रू.८३ करोड ८९ लाख मु.अ.कर संकलन।
- १२ वटा सा.व.उ.स.मा पर्यापर्यटन विकास तथा ७९ वटा सिमसार क्षेत्रको व्यवस्थापन तथा पोखरी निर्माण ।
- वन डढेलो रोकथाम तथा नियन्त्रण व्यवस्थापन योजना कार्यान्वयन भई Rapid Response Team को गठन तथा परिचालन ।
- खुला चिडियाखाना तथा प्राणी उद्यानको को सम्भाव्यता अध्ययन, नीजि वनको सालको रूख कटानको अनुगमन कार्यविधि जारी, वन सम्वर्द्धनमा आधारित दिगो वन व्यवस्थापनको कार्यविधि तयारी भई स्वीकृतिको चरणमा रहेको।
- ५ वटा रिचार्ज पोखरी निर्माण ।
- आकस्मिक भू-संरक्षण कार्यक्रम ७ स्थानमा, जलवायु परिवर्तन अनुकूलन नमुना गाउँ कार्यक्रम ८ वटा,
- वायो इन्जि. खोला किनारा संरक्षण ३४.५ कि.मि. ,एकीकृत भूस्खलन नियन्त्रण २० स्थानमा।
- सडक सँग भू संरक्षण कार्यक्रम १३ कि.मि. ,एकीकृत सुख्खा क्षेत्र व्यवस्थापन ७ स्थानमा।
- ४ वटा साझेदारी वनबाट दिगो वन व्यवस्थापन योजना अनुसार १ लाख काठ उत्पादन
- वन क्षेत्रको जग्गा अन्य प्रयोजन वापत कुल ९ करोड ३२ लाख ३२ हजार राजश्व
- आ.व. २०८०।८१ मा कुल २ करोड ६८ लाख ७१ हजार क्यु.फिट. काठ उत्पादन तथा विक्री वितरण ।
- लाहा खेति र रबर खेतिको प्रवर्द्धन विकास गरिएको । ( धनकुटा, मोरङ र झापा)
- डिभिजन वन कार्यालय झापा, मोरङ र सुनसरीको क्षत्रेमा वन्यजन्तुको लागि जैविक मार्ग विकास तथा व्यवस्थापन गरिएको (विशेष गरी जंगली हात्तीको लागि क्रिडास्थल, वनजन्य फलफू रोपण, जनचेतना अभिवृद्धि।
- कोशी पर्यटन वर्ष,२०८२ को सन्दर्भमा नीतिगत अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।
- कोशी प्रदेशको प्रसिद्ध पर्यटकीयस्थल तेह्रथुम जिल्ला, लालिगुराँस न.पा. स्थित तीनजुरे क्षेत्रबाट २०८१ चैत्र २७ गते कोशी पर्यटन वर्ष २०८२ को शुभारम्भ गरिएको।

# परिच्छेद पाँच
# निष्कर्ष

आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयनको अवस्था लक्ष्य नजिक पुगेको समग्र तथ्यांकहरुले देखाएका छन्। प्रदेशको आयको ठूलो हिस्सा संघ अनुदानमा नै निर्भर रहनु र प्रदेशको आन्तरिक राजस्वको दायरा सीमित हुनु, स्थानीय तहबाट बाँडफाँट भई प्रदेशलाई प्राप्त हुने राजस्व समेत प्राप्त नहुनु राजस्व परिचालनका प्रमुख समस्या एवम् चुनौतीका रूपमा विद्यमान छन्। प्रदेशमा विकासको माग र ठेक्का प्रक्रियाबाट दायित्व सृजना भएको बढ्दो सार्वजनिक खर्चलाई व्यवस्थापन गर्न संघ वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटको दायरा बढाउनुका साथै आन्तरिक राजस्वमा समेत अभिवृद्धि गर्नुपर्ने अवस्था छ।

बजेट कार्यान्वयनमा प्रदेशका सम्बद्ध सबै मन्त्रालय एवं निकाय र स्थानीय सरकारहरु बिच सहकार्यलाई अझ सुदृढ हुनु आवश्यक छ। आर्थिक वर्ष २०८१/८२ मा वित्त व्यवस्थापन सुधारको दृष्टिकोणले महत्वपूर्ण रहेको छ। विगत वर्षहरुमा भएका त्रुटि सच्याई वित्त व्यवस्थापनलाई नयाँ गतिमा अगाडि बढाउने अवसर समेत प्राप्त भएको छ। प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ तथा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ कार्यान्वयन भएको, सार्वजनिक खर्चमा मितव्ययीता एवम् प्रभावकारी अभिवृद्धिका लागि गरिएका प्रयास, बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन र बजेट कार्यान्वयनको आवधिक समीक्षा गरी कार्यान्वयनमा समन्वय गरिएको साथै प्रभावकारी रुपमा परिचालन गरिएकोले वित्त सन्तुलनमा सकारात्मक प्रभाव परेको छ।

# अनुसूची – १
## कोशी प्रदेशको आ.व. २०८१/८२ को सुरु र कायम बजेटको विवरण

(रकम रु. लाखमा)

| मन्त्रालय/निकाय | सुरू विनियोजन | रकमान्तर थप | रकमान्तर घट | खुद बजेट | खर्च |
|---|---|---|---|---|---|
| प्रदेश व्यवस्थापिका | २४८८ | १२ | ४२ | २४५८ | १९९३ |
| प्रदेश लोक सेवा आयोग | ९८४ | २८८ | ५३ | १२१९ | ११६३ |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | २२३ | ११ | २१ | २१३ | १८७ |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३८४५ | ५३० | ५५३ | ३८२३ | २२१३ |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | ३५५२० | ५०८१ | १३७८ | ३९२२३ | ३५१९५ |
| उद्योग कृषि तथा सहकारी मन्त्रालय | २२४६६ | ५२२ | ६९८७ | १६००१ | ११७१८ |
| खानेपानी सिंचाई तथा उर्जा मन्त्रालय | ४३६५५ | ४८६७ | ४२६८ | ४४२५४ | ४०४९५ |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | १०३९१ | ६३९२ | ३८९५ | १२८८८ | ९४९६ |
| पर्यटन वन तथा वातावरण मन्त्रालय | २४२३८ | २५५५ | २८११ | २३९८२ | १८२९५ |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | १०४१५२ | २६९४४ | १९२९४ | १११८०२ | ८४९६३ |
| सामाजिक विकास मन्त्रालय | १३२४२ | १०६३ | १६०१ | १२७०४ | ९५२४ |
| स्वास्थ्य मन्त्रालय | ३३७७५ | ५३४५ | ४७९६ | ३४३२४ | २४०३२ |
| प्रदेश योजना आयोग | ५४३ | १० | ३५ | ५१८ | ३०८ |
| कर्मचारी सुविधा तथा सेवा निवृत्त सुविधा | ६०० | ० | ६०० | ० | ० |
| अर्थ – विविध | १०८२० | ९३२७ | १९३२८ | ८२० | ० |
| स्थानीय तह | ४५८५० | २८६८ | १५२ | ४८५६५ | ४२२४७ |
| **जम्मा** | **३५२७९३** | **६५८१४** | **६५८१४** | **३५२७९३** | **२८१८२९** |

## अनुसूची – २

### आर्थिक बर्ष २०८१/०८२ मा स्थानीय तहमा बाँडफाँट भएको सवारी करको स्थानीय तहगत विवरण

| क्र.सं. | स्थानीय तह कोड | स्थानीय तहको नाम | जिल्ला | जम्मा रू. |
|---|---|---|---|---|
| १ | १०१०१ | फक्ताङ्लुङ्ग गाउँपालिका | ताप्लेजुङ्ग | १३६८९९८३।३२ |
| २ | १०१०२ | मिक्वाखोला गाउँपालिका | ताप्लेजुङ्ग | ४७७२८२८।८६ |
| ३ | १०१०३ | मेरिङ्गदेन गाउँपालिका | ताप्लेजुङ्ग | ३६४५७७४।९५ |
| ४ | १०१०४ | मैवाखोला गाउँपालिका | ताप्लेजुङ्ग | २६५१२७४।८१ |
| ५ | १०१०५ | आठराई त्रिवेणी गाउँपालिका | ताप्लेजुङ्ग | २४१३८७४।२४ |
| ६ | १०१०६ | फुङलिङ्ग नगरपालिका | ताप्लेजुङ्ग | ११३३८७५९।१ |
| ७ | १०१०७ | पाथिभरा याङ्वराक गाउँपालिका | ताप्लेजुङ्ग | २८४८१३०।७ |
| ८ | १०१०८ | सिरीजङ्गा गाउंपालिका | ताप्लेजुङ्ग | ५८१३६४९।७५ |
| ९ | १०१०९ | सिदिङ्गवा गाउँपालिका | ताप्लेजुङ्ग | ३३१२२१९।०३ |
| १० | १०२०१ | भोटखोला गाउँपालिका | संखुवासभा | ७७८५६९३।८३ |
| ११ | १०२०२ | मकालु गाउँपालिका | संखुवासभा | ११६३२६५८।२ |
| १२ | १०२०३ | सिलीचोङ गाउँपालिका | संखुवासभा | ६१४१३९३।०६ |
| १३ | १०२०४ | चिचिला गाउँपालिका | संखुवासभा | १९७४१०६।५३ |
| १४ | १०२०५ | सभापोखरी गाउँपालिका | संखुवासभा | ३५६३६३९।३३ |
| १५ | १०२०६ | खाँदबारी नगरपालिका | संखुवासभा | १०६१२३४०।५७ |
| १६ | १०२०७ | पाँचखपन नगरपालिका | संखुवासभा | ४१३६२६७४ |
| १७ | १०२०८ | चैनपुर नगरपालिका | संखुवासभा | १६११८८४७।१३ |
| १८ | १०२०९ | मादी नगरपालिका | संखुवासभा | २८०२९६८।०२ |
| १९ | १०२१० | धर्मदेवी नगरपालिका | संखुवासभा | ४२७२१२३।०३ |
| २० | १०३०१ | खुम्बु पासाङल्हामु गाउँपालिका | सोलुखुम्वु | ८३७०००२।६९ |
| २१ | १०३०२ | माहाकुलुङ गाउँपालिका | सोलुखुम्वु | ५६८९२१६।३५ |
| २२ | १०३०३ | सोताङ गाउँपालिका | सोलुखुम्वु | १७४३२१०।११ |
| २३ | १०३०४ | माप्य दुधकोशी गाउँपालिका | सोलुखुम्वु | २६३५५३४।७५ |
| २४ | १०३०५ | थुलुङ दुधकोशी गाउँपालिका | सोलुखुम्वु | ३३५४२८४।९४ |
| २५ | १०३०६ | नेचासल्यान गाउँपालिका | सोलुखुम्वु | २२४१६७१ |
| २६ | १०३०७ | सोलुदुधकुण्ड नगरपालिका | सोलुखुम्वु | ११५११६३८।६५ |
| २७ | १०३०८ | लिखु पिके गाउँपालिका | सोलुखुम्वु | २३४८६८२।६१ |
| २८ | १०४०१ | चिशंखुगढी गाउँपालिका | ओखलढुङ्गगा | २५०८९९६।६२ |
| २९ | १०४०२ | सिद्धिचरण नगरपालिका | ओखलढुङ्गगा | ९१३४८६५।४७ |
| ३० | १०४०३ | मोलुङ्ग गाउँपालिका | ओखलढुङ्गगा | ३२१५६६०।५२ |

| क्र.सं. | स्थानीय तह कोड | स्थानीय तहको नाम | जिल्ला | जम्मा रू. |
|---|---|---|---|---|
| ३१ | १०४०४ | खिजीदेम्बा गाउँपालिका | ओखलढुङ्गा | ३५८३६७२।३२ |
| ३२ | १०४०५ | लिखु गाउँपालिका | ओखलढुङ्गा | २५८९९३२।८७ |
| ३३ | १०४०६ | चम्पादेवी गाउँपालिका | ओखलढुङ्गा | ३२०७५८४।८८ |
| ३४ | १०४०७ | सुनकोशी गाउँपालिका | ओखलढुङ्गा | ३६५६२३४।३२ |
| ३५ | १०४०८ | मानेभन्ज्याङ्ग गाउँपालिका | ओखलढुङ्गा | ४६६८३१६।७६ |
| ३६ | १०५०१ | केपिलासगढी गाउँपालिका | खोटाङ | ४३३०९८२।४७ |
| ३७ | १०५०२ | ऐसेलुखर्क गाउँपालिका | खोटाङ | २८२५८६२।०६ |
| ३८ | १०५०३ | रावा बेसी गाउँपालिका | खोटाङ | ३२२७२६३।२३ |
| ३९ | १०५०४ | हलेसी तुवाचुङ नगरपालिका | खोटाङ | १६९१७१४८।०८ |
| ४० | १०५०५ | दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका | खोटाङ | २०२५२७४७।२ |
| ४१ | १०५०६ | साकेला गाउँपालिका | खोटाङ | २९०१८३८।१५ |
| ४२ | १०५०७ | दिप्रुङ चुइचुम्मा गाउँपालिका | खोटाङ | ४१९३८५६।६५ |
| ४३ | १०५०८ | खोटेहाङ गाउँपालिका | खोटाङ | ५४०३४०७।२५ |
| ४४ | १०५०९ | जन्तेढुङ्गा गाउँपालिका | खोटाङ | ३२०५७७३।३२ |
| ४५ | १०५१० | बराहपोखरी गाउँपालिका | खोटाङ | ३४८६७८३।७५ |
| ४६ | १०६०१ | षडानन्द नगरपालिका | भोजपुर | १४४९७४०१।९७ |
| ४७ | १०६०२ | साल्पासिलिछो गाउँपालिका | भोजपुर | ३३१६८९०।६१ |
| ४८ | १०६०३ | टेम्केमैयुङ गाउँपालिका | भोजपुर | ४०९१९५५।६९ |
| ४९ | १०६०४ | भोजपुर नगरपालिका | भोजपुर | १२३५०८३१।७३ |
| ५० | १०६०५ | अरुण गाउँपालिका | भोजपुर | ४६८९२५४।७४ |
| ५१ | १०६०६ | पौवा दुङ्मा गाउँपालिका | भोजपुर | २७१८३०६।२५ |
| ५२ | १०६०७ | रामप्रसाद राई गाउँपालिका | भोजपुर | ४४६३७५८।६४ |
| ५३ | १०६०८ | हतुवागढी गाउँपालिका | भोजपुर | ३०१२९६०।०२ |
| ५४ | १०६०९ | आमचोक गाउँपालिका | भोजपुर | ३४१६१९५।३४ |
| ५५ | १०७०१ | महालक्ष्मी नगरपालिका | धनकुटा | ४७५९७८३।७३ |
| ५६ | १०७०२ | पाख्रिबास नगरपालिका | धनकुटा | ८६९७३०२।३ |
| ५७ | १०७०३ | छथर जोरपाटी गाउँपालिका | धनकुटा | ३३३९२९१।६४ |
| ५८ | १०७०४ | धनकुटा नगरपालिका | धनकुटा | ८४३८१८६।४ |
| ५९ | १०७०५ | सहिदभूमी गाउँपालिका | धनकुटा | २७४३३१७।५ |
| ६० | १०७०६ | साँगुरीगढी गाउँपालिका | धनकुटा | ४६९०२६६।९५ |
| ६१ | १०७०७ | चौविसे गाउँपालिका | धनकुटा | ४५११११२।१७ |

| क्र.सं. | स्थानीय तह कोड | स्थानीय तहको नाम | जिल्ला | जम्मा रू. |
|---|---|---|---|---|
| ६२ | १०८०१ | आठराई गाउँपालिका | तेह्रथुम | ५६३४४८८।४८ |
| ६३ | १०८०२ | फेदाप गाउँपालिका | तेह्रथुम | ४४३९२८१।३२ |
| ६४ | १०८०३ | मेन्छयायेम गाउँपालिका | तेह्रथुम | १७६४६७१।१४ |
| ६५ | १०८०४ | म्याङ्गलुङ्ग नगरपालिका | तेह्रथुम | १०९९४६६४।२९ |
| ६६ | १०८०५ | लालीगुराँस नगरपालिका | तेह्रथुम | ४१७७१३१।६९ |
| ६७ | १०८०६ | छथर गाउँपालिका | तेह्रथुम | ३७१२३७३।९१ |
| ६८ | १०९०१ | याङवरक गाउँपालिका | पाँचथर | ४९३५६९५।८ |
| ६९ | १०९०२ | हिलिहाङ्ग गाउँपालिका | पाँचथर | ४१६९५०९।२२ |
| ७० | १०९०३ | फालेलुङ्ग गाउँपालिका | पाँचथर | ४९४०३४६।१७ |
| ७१ | १०९०४ | फिदिम नगरपालिका | पाँचथर | ११२७४११७८४ |
| ७२ | १०९०५ | फाल्गुनन्द गाउँपालिका | पाँचथर | ३७८१५१२।२३ |
| ७३ | १०९०६ | कुम्मायक गाउँपालिका | पाँचथर | ३१५३६७४।३२ |
| ७४ | १०९०७ | तुम्बेवा गाउँपालिका | पाँचथर | २४८९४२८।३४ |
| ७५ | १०९०८ | मिक्लाजुङ गाउँपालिका | पाँचथर | ५४००५८९।६४ |
| ७६ | ११००१ | माई जोगमाई गाउँपालिका | इलाम | ५०८९४३२।५६ |
| ७७ | ११००२ | सन्दकपुर गाउँपालिका | इलाम | ५२०७७६५।४७ |
| ७८ | ११००३ | ईलाम नगरपालिका | इलाम | १२९२३२९२।६३ |
| ७९ | ११००४ | देउमाई नगरपालिका | इलाम | ६७१५६८५।२९ |
| ८० | ११००५ | फाकफोकथुम गाउँपालिका | इलाम | ५१०७४७६।१७ |
| ८१ | ११००६ | माङसेबुङ गाउापालिका | इलाम | ५३३५८६३।३९ |
| ८२ | ११००७ | चुलाचुली गाउँपालिका | इलाम | ४२९१९४८।९ |
| ८३ | ११००८ | माई नगरपालिका | इलाम | ६६३२६६६।२७ |
| ८४ | ११००९ | सूर्योदय नगरपालिका | इलाम | २४६३०५६४।७८ |
| ८५ | ११०१० | रोङ गाउँपालिका | इलाम | ४९८४३०९।४५ |
| ८६ | १११०१ | मेचीनगर नगरपालिका | झापा | १८६४८३०९।१२ |
| ८७ | १११०२ | बुद्धशान्ति गाउँपालिका | झापा | ६०६३३८२।२८ |
| ८८ | १११०३ | अर्जुनधारा नगरपालिका | झापा | १८१७३७०२।३७ |
| ८९ | १११०४ | कन्काई नगरपालिका | झापा | ११३१९४५५।९४ |
| ९० | १११०५ | शिवसताक्षी नगरपालिका | झापा | १४३०२९०४।९३ |
| ९१ | १११०६ | कमल गाउँपालिका | झापा | ७५८८९४९।७८ |
| ९२ | १११०७ | दमक नगरपालिका | झापा | ९६३९०४५।१ |
| ९३ | १११०८ | गौरादह नगरपालिका | झापा | ८१२०१२२।८८ |

| क्र.सं. | स्थानीय तह कोड | स्थानीय तहको नाम | जिल्ला | जम्मा रू. |
|---|---|---|---|---|
| ९४ | ११०९ | गौरिगञ्ज गाउँपालिका | झापा | ४७२९२९३।७६ |
| ९५ | ११११० | झापा गाउँपालिका | झापा | ४८८५५७६।०९ |
| ९६ | ११११ | बाह्रदशी गाउँपालिका | झापा | ४७९२७५०।८७ |
| ९७ | १११२ | बिर्तामोड नगरपालिका | झापा | १४५८६१६१।६६ |
| ९८ | १११३ | हल्दीबारी गाउँपालिका | झापा | ४७७१७९०।४६ |
| ९९ | १११४ | भद्रपुर नगरपालिका | झापा | ८५५२३८८।८१ |
| १०० | १११५ | कचनकवल गाउँपालिका | झापा | ४८६५९९२।२७ |
| १०१ | ११२०१ | मिक्लाजुङ्ग गाउँपालिका | मोरङ | ५७७९०७०।३ |
| १०२ | ११२०२ | लेटाङ नगरपालिका | मोरङ | ७८३५७३०।८१ |
| १०३ | ११२०३ | केराबारी गाउँपालिका | मोरङ | ६६६६३९१।५४ |
| १०४ | ११२०४ | सुन्दरहरैंचा नगरपालिका | मोरङ | २०१०९७९।७६६ |
| १०५ | ११२०५ | बेलबारी नगरपालिका | मोरङ | १७९२४९४३।०९ |
| १०६ | ११२०६ | कानेपोखरी गाउँपालिका | मोरङ | ५७०८८७२।२७ |
| १०७ | ११२०७ | पथरी शनिश्चरे नगरपालिका | मोरङ | १६०६५१०७।९६ |
| १०८ | ११२०८ | उर्लाबारी नगरपालिका | मोरङ | १०६५४९६८।२७ |
| १०९ | ११२०९ | रतुवामाई नगरपालिका | मोरङ | ७९२३७६०।२१ |
| ११० | ११२१० | सुनवर्षी नगरपालिका | मोरङ | ७४७६२१३।८१ |
| १११ | ११२११ | रंगेली नगरपालिका | मोरङ | ८५३५८२५।९३ |
| ११२ | ११२१२ | ग्रामथान गाउँपालिका | मोरङ | ४५७३८१७।८७ |
| ११३ | ११२१३ | बुढीगंगा गाउँपालिका | मोरङ | ५६७५५१०।१३ |
| ११४ | ११२१४ | बिराटनगर महानगरपालिका | मोरङ | ४२४०३१२०।२६ |
| ११५ | ११२१५ | कटहरी गाउँपालिका | मोरङ | ५३६३१३३।९५ |
| ११६ | ११२१६ | धनपालथान गाउँपालिका | मोरङ | ५४११०११।६८ |
| ११७ | ११२१७ | जहदा गाउँपालिका | मोरङ | ५५२३३६५।४२ |
| ११८ | ११३०१ | धरान उपमहानगरपालिका | सुनसरी | २०९००४६७।०५ |
| ११९ | ११३०२ | बराहक्षेत्र नगरपालिका | सुनसरी | १०९८३२६७।९३ |
| १२० | ११३०३ | कोशी गाउँपालिका | सुनसरी | ५०४२८९८।६३ |
| १२१ | ११३०४ | भोक्राहा नरसिंह गाउँपालिका | सुनसरी | ५१८०८७४।३६ |
| १२२ | ११३०५ | रामधुनी नगरपालिका | सुनसरी | ६५७८२३०।३५ |
| १२३ | ११३०६ | ईटहरी उपमहानगरपालिका | सुनसरी | २५४००४२५।०२ |
| १२४ | ११३०७ | दुहबी नगरपालिका | सुनसरी | ११३९९७०५।५५ |
| १२५ | ११३०८ | गढी गाउँपालिका | सुनसरी | ४४४९७११।५१ |

| क.सं. | स्थानीय तह कोड | स्थानीय तहको नाम | जिल्ला | जम्मा रू. |
|---|---|---|---|---|
| १२६ | ११३०९ | इनरुवा नगरपालिका | सुनसरी | ९६४४०४६।८२ |
| १२७ | ११३१० | हरिनगर गाउँपालिका | सुनसरी | ४८८९१०२।६९ |
| १२८ | ११३११ | देवानगन्ज गाउँपालिका | सुनसरी | ४३३८४२०।४२ |
| १२९ | ११३१२ | बर्जु गाउँपालिका | सुनसरी | ४१०१५०१।५५ |
| १३० | ११४०१ | बेलका नगरपालिका | उदयपुर | ८६३३९५१।५२ |
| १३१ | ११४०२ | चौदण्डीगढी नगरपालिका | उदयपुर | १८६८०५७४।६५ |
| १३२ | ११४०३ | त्रियुगा नगरपालिका | उदयपुर | २०९१०६४२।६९ |
| १३३ | ११४०४ | रौतामाई गाउँपालिका | उदयपुर | ५३४४०६३।६१ |
| १३४ | ११४०५ | लिम्चुङ्बुङ गाउँपालिका | उदयपुर | २५११८३७८३ |
| १३५ | ११४०६ | ताप्ली गाउँपालिका | उदयपुर | ३२५४९८७६ |
| १३६ | ११४०७ | कटारी नगरपालिका | उदयपुर | २३४७२०८०।७६ |
| १३७ | ११४०८ | उदयपुरगढी गाउँपालिका | उदयपुर | ६३३९१०६।५२ |
| **जम्मा** | | | | **१०२४९८१३६८** |

नोटः गत आ.व.को असार १८ गते देखि असार मसान्तसम्मको बाँडफाँट गर्न बाँकी रहेको रकम रु. १२,०५,८९,३९५।०० चालु आर्थिक बर्षमा बाँडफाँट भएको।